# ईश्वरपुर नगरपालिका
## सर्लाही
## मधेश प्रदेश, नेपाल

# नगर प्रमुख श्री मनोज कुमार आचार्यले ईश्वरपुर नगरपालिकाको दशौं नगर अधिवेशनमा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

## २०८० असार १० गते


ईश्वरपुर नगरपालिका
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश
www.ishworpurmun.gov.np
ishworpur2071@gmail.cm

# ईश्वरपुर नगरपालिका
# सर्लाही
# १० औं नगरसभाको अधिवेशन
# २०८० साल असार १० गते

## आ.व. २०८०/०८१ को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट

**ईश्वरपुर नगरपालिकाका उपप्रमुखज्यू,**
**नगरसभाका सदस्यज्यूहरु**

१. ईश्वरपुर नगरपालिकाको १० औं नगर सभाको यस गरिमामय अधिवेशनका अवसरमा नगरपालिका परिवार र मेरो व्यक्तिगत तर्फबाट यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु ।

२. यस गरिमामय अवसरमा जनअधिकारका लागि भएका सम्पूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुलाई स्मरण गर्दै उच्च सम्मान अर्पण गर्दछु ।

३. स्थानीय तहको दोस्रो निर्वाचनवाट दोस्रो कार्यकालको लागि नगरवासीहरुले हामी सवैलाई अमुल्य मत प्रदान गर्दै ईश्वरपुर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि हामीलाई नेतृत्व गर्ने अवसर प्रदान गरेको एक वर्षको अवधिमा दोस्रो पटक नगरसभाको वैठक सञ्चालन भइरहेको छ । नगर सभाको गरिमामय अवसरमा नगरवासीलाई पुनः धन्यवाद सहित हार्दिकतापुर्वक आभार व्यक्त गर्न चाहान्छु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपाली जनतामा निहित सार्वभौमसत्ता, नेपालको अखण्डता, नेपाली वीचको एकतालाई अझ मजवुत तथा वृहत बनाई शान्त, समुन्नत र सुन्दर नेपालको निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारले अघि वढाएका नीति तथा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी ईश्वरपुर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि नीतिगत आधारहरु तय गरेको छु ।

५. ईश्वरपुर नगरपालिका सर्लाही जिल्लाको सवैभन्दा ठुलो भूगोल १६३.८३ वर्ग किलोमिटर क्षेत्रफल र २०७८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार १३,७७६ घरधुरी सहित ६८,६२६ जनसंख्या भएको स्थानीय तह पनि हो । उत्तरमा सिन्धुली जिल्लाको सिमा चुरे पहाड देखि दक्षिण तराईसम्म फैलिएको भौगौलिक विविधतायुक्त बहुजातिय, वहुभाषिक र वहुसाँस्कृतिक एवं वहुधार्मिक सौहार्दता र सहकार्य नै यस नगरपालिकाको विशिष्ट विशेषता पनि हो ।

६. ईश्वरपुर र बयलवास बजार विगतमा पशुहाट बजारले प्रख्यात आज अन्न भण्डार, कृषि उपज गल्ला बजार, तरकारी उत्पादन र माछा उत्पादन पकेट क्षेत्रको रुपमा राष्ट्रिय पहिचान बनाएको छ । विगत देखि यसलाई अक्षुण राख्नु हुने ईश्वरपुरवासी अग्रज राजनैतिक नेतृत्वकर्ता, समाजसेवी, उद्योगी, व्यवसायी, कृषक एवं सम्पुर्ण आमाबुबा, दिदिबहिनी र दाजुभाईहरूको अमुल्य योगदान प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

७. स्थानीय तहको दोस्रो निर्वाचनमा ईश्वरपुर नगरपालिकालाई सम्वृद्ध गर्न हामीले तयार गरेको घोषणपत्रमा "शिक्षा, स्वास्थ्य र रोजगार, सम्वृद्धिको मूल आधार" भन्ने प्रतिवद्धता सहित "ईश्वरपुर नगरपालिकाको सम्वृद्धिको लागि तयार गरिएको "शिक्षा, स्वास्थ्य, सामाजिक र

आर्थिक विकास एवं दिगो पुर्वाधार, ईश्वरपुर नगर उन्नतीका पाँच आधार" कार्यान्वयन गर्न "हाम्रो नगर हाम्रो २१ बुँदे कार्ययोजनाको प्रतिवद्धता, हाम्रो कार्यकाल, प्रगतिको सुनिश्चितता" भनी तयार गरिएको कार्ययोजनालाई साकार गर्न ईश्वरपुर नगरपालिकाको ५ वर्षिय आवधिक नगर विकास योजना तयार गरि **"आधुनिक कृषि एवं पुर्वाधारयुक्त शहर, स्वच्छ, सम्वृद्ध ईश्वरपुर नगर"** पहिचानयुक्त वनाउन प्रतिवद्धता गर्दछौ ।

८. विकास र सम्वृद्धिको मूल आधारलाई सूचकमा रुपान्तरण गरि तयार गरिएको आवधिक नगर विकास योजनालाई वार्षिक योजनामा समावेश गरि कार्यान्वयन गरिने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

९. आवधिक नगर विकास योजनालाई हाम्रो कार्यकाल भित्र कार्यान्वयन गरि सम्वृद्ध नगर विकासको आधारस्तम्भ तयार गर्न तपाईहरु मार्फत संकल्प र अठोट गर्दछु ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु**

१०. अब, म, आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत मार्गदर्शन, आधार र अपनाईएका पद्धति यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हकको सुनिश्चितताकोलागि स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय सरकारका लागि तोकेको राजस्व परिचालनको व्यवस्था, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी वित्त हस्तान्तरण सम्वन्धी व्यवस्था
- स्थानीय सरकार संचालन ऐन, २०७४ का व्यवस्थाहरू,
- १५ औं पञ्चवर्षिय योजनाको आधार पत्रमा निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु, रणनीति तथा कार्यक्रमहरू
- दिगो विकासका लक्ष्य प्राप्तीको लागि अङ्गिकार गरेका प्राथमिकताहरु ।
- नेपाल सरकार अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, एवं प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु ।
- बिकासका समसामयिक मुद्दाहरू: सामाजिक सशक्तिकरण र समावेशीकरण, सामाजिक न्याय र सुरक्षा, समावेशी र वालमैत्री तथा वातावरणमैत्री स्थानीय विकास, आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र पूर्ण साक्षरता, खाद्य तथा पोषण सुरक्षा, सरसफाई, स्थानीय पूर्वाधार विकास, टोलबस्ती विकास, आधारभूत शहरी पूर्वाधार विकास, दिगो बिकासका लक्ष्यहरु, विपद व्यवस्थापन, जलवायू परिवर्तन व्यवस्थापन लगायतका अन्तरसम्वन्धित विषयहरू ।
- ईश्वरपुर नगरपालिकाको प्रथम आवधिक नगर विकास योजनाले परिलक्षित गरेका विषयहरु,
- विषयगत समितिहरू र योजना तर्जुमा तथा कार्यक्रम छनौट समितिबाट सिफारिस भै आएका नीति तथा कार्यक्रमहरू,
- स्थानीय राजस्व परामर्श समितिबाट प्राप्त नीतिगत तथा कार्यक्रम सम्वद्ध सिफारिसहरू,
- बजेट सीमा निर्धारण समितिको निर्णयहरू,

- बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि, विभिन्न सरोकारवालासँगको छलफल तथा प्राप्त सुझावहरू,

११. अव म आवधिक नगर विकास योजनाको मुल नारा **"आधुनिक कृषि एवं पुर्वाधारयुक्त शहर, स्वच्छ, सम्वृद्ध ईश्वरपुर नगर"** लाई परिणाममुखी वनाउन विषयगत रुपमा तयार गरिएको प्रस्तावित नीति, रणनीति, कार्ययोजना र कार्यक्रम यहाँ समक्ष प्रस्ताव गर्दछु ।

**सामाजिक विकासः**

**१२. शिक्षा**

ईश्वरपुर नगरपालिकाले वि.सं. २०८० साललाई शैक्षिक गुणस्तर सुधारको वर्ष तोकिएको छ । शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक ऐन, कानुन र कार्यविधिहरु कार्यपालिका र नगरसभाको वैठकवाट स्वीकृत भई कार्यान्वयनका प्रकृयामा रहेका छन । ईश्वरपुर नगरपालिकामा शिक्षाको ज्योती उजागर गर्न सामुदायिक तर्फ १ क्याम्पस, ७ वटा मावि, ३१ वटा आधारभुत तहका विद्यालयहरु र सो विद्यालयमा ३० वटा वालविकास कक्षाहरु रहेका छन भने संस्थागत तर्फ ३ मावि र १३ वटा आधारभुत विद्यालयहरु रहेका छन । १ वटा गुरुकुल विद्यालय, १२ वटा मदर्शा विद्यालय रहेका छन । यी विद्यालय र विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीको हित सहित समग्र शैक्षिक क्षेत्रको विकासकोलागि निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

- नगरपालिका भित्र शैक्षिक व्यवस्थापन तथा शिक्षण पेशालाई मर्यादित वनाइने छ ।
- विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गरि एकै विद्यालयमा लामो अवधिसम्म कार्यरत शिक्षकहरुलाई नगरपालिका भित्रका अन्य विद्यालयहरुमा पठनपाठका लागि कामकाज गर्न तोकिनेछ ।
- माध्यमिक तहका विद्यालयहरुमा आधारभूत तहको दरवन्दीमा कार्यरत शिक्षकहरुलाई सम्वन्धित माध्यमिक विद्यालयको क्लष्टर भित्र पर्ने आधारभूत विद्यालयमा एउटा निश्चित अवधिका लागि सट्टापट्टा गरि शैक्षिक पठनपाठनको लागि जिम्मेवारी तोकिनेछ । यस कार्यवाट माध्यमिक तहमा भर्ना हुन विद्यार्थीको गुणस्तरमा सुधार हुनेछ ।
- माध्यमिक तहका विद्यालयहरुमा आन्तरिक आयस्रोत व्यवस्थापन तथा व्यवस्थापकीय सुधारको लागि एक जना व्यवस्थापक भर्ना गर्ने नीतिगत व्यवस्था गरेको छु ।
- प्रतिस्पर्धात्मक पद्धतिवाट कुशल व्यवस्थापन सहितको प्रधानाध्यापक नियुक्ती गर्न नीतिगत व्यवस्था गरेको छु ।
- बालविकास देखि कक्षा १२ सम्म निशुल्क र अनिवार्य शिक्षाको व्यवस्था मिलाइने छ ।
- विद्यालय जाने उमेर समुहका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु पर्ने अभियान अर्न्तगत हाल वडा नं. ४ मा भएको वालवालिकाको शतप्रतिशत भर्ना दर घोषणा अभियानलाई अन्य वडामा समेत शतप्रतिशत घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्रका सवै माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

- सम्पुर्ण विद्यालयहरुमा शैक्षिक गतिविधिको लागि कार्ययोजना वनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाइने छ ।
- नारायण वहुमुखी क्याम्पसलाई पूर्वाधारयुक्त वनाई शैक्षिक संकाय र स्तर वृद्धि गरिने छ ।
- विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको दरवन्दी मिलान गरिने छ । न्युन विद्यार्थी भएका विद्यालयहरुलाई नजिकको विद्यालयमा गाभ्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठनपाठनको लागि आवश्यक नीति तर्जुमा गरी क्रमशः कार्यान्वयनको व्यवस्था मिलाइने छ ।
- आधारभूत तहका विद्यालयहरु (कक्षा १-५) मा गुणस्तरीय शिक्षाको लागि नियमित विद्यालय अनुगमन, थप शिक्षक व्यवस्थापन, स-साना पुर्वाधार निर्माण र मर्मत सम्वन्धी कार्यको जिम्मेवारी वडातहको भएको हुँदा वडावाट नै बजेट विनियोजन हुन नीतिगत व्यवस्था गरेको छु ।
- माध्यमिक विद्यालयको लागत साझेदारीमा विद्यालयको क्लष्टर भित्र पर्ने स्थानहरुवाट विद्यार्थी ओसारपसार गर्न २ वटा बस खरिद गर्ने व्यवस्था मिलाएको छु ।
- उत्कृष्ट शिक्षण सिकाई र परिमाण दिने विद्यालयलाई पुरष्कृत गरिने छ । अन्य विद्यालयलाई क्रमशः शैक्षिक सुधारका लागि आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।
- स्थानीय भाषामा पाठ्यक्रम निर्माणको लागि आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।
- देशका अन्य स्थानीय तहले विद्यालय शिक्षाका लागि गरेको उत्कृष्ट अभ्यासहरुको अध्ययन अवलोकनको लागि बजेट व्यवस्था गरेको छु ।

## १३. स्वास्थ्य

नगरवासीको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न हाल १ नगर अस्पताल ५ वटा स्वास्थ्य चौकी, ४ वटा वर्थिङ सेन्टर र ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा आर्यूवेद सेवा केन्द्रवाट जनस्वास्थ्यको सेवा प्रवाह भइरहेको छ । भरतपुर आँखा अस्पतालको साझेदारीमा आँखा उपचार केन्द्र स्थापना गरि सेवा प्रारम्भ भएको छ ।

ईश्वरपुर नगरपालिका लगायत सर्लाही, महोत्तरी र रौतहट जिल्लाका मृगौला रोगीहरुको नियमित डायलासिस सेवाका लागि अन्यत्र जानु पर्ने वाध्यतालाई अन्त्य गर्न ईश्वरपुर नगर अस्पतालवाट मृगौलाको डायलासिसको सेवा प्रारम्भ गर्ने संकल्प सहित प्रारम्भिक पुर्व तयारीका कार्य भइरहेको र सेवा प्रवाहको लागि आवश्यक पुर्वाधार तयारी, संस्थागत र नीतिगत व्यवस्थाको तर्जूमाका लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

- सामुदायिक स्वास्थ्य सेवा अभियान अर्न्तगत हाल सञ्चालनमा रहेको नगर अस्पताललाई मृगौलाको डायलासिसको सेवा सहितको सुविधा सम्पन्न २५ वेडको नगर अस्पतालमा रुपान्तरण गर्ने ।
- गरिव, जेष्ठ नागरिक तथा गर्भवती महिलाहरुलाई निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराई जीवन रक्षा गर्न आवश्यक नीति र कार्यविधि तयार गरि कार्यान्वयनको व्यवस्था आगामी आ.व. वाट प्रारम्भ गर्न बजेट विनियोजन गरेको छु ।
- विपन्न नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम प्रारम्भ गरिने छ ।

- जेष्ठ नागरिकसँग मेयर तथा जेष्ठ नागरिकका लागि घुम्ती स्वास्थ्य सेवा संचालन गर्न आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु।
- महिला स्वंयसेविकाहरुले समुदायमा पुर्‍याइको योगदानलाई कदर गरी सेवा निवृत हुँदा केही सहयोग उपलब्ध गराउन महिला स्वंय सेविका सेवा निवृत सहयोग कोष र अक्षय कोषको स्थापना गरि सहयोग दिने प्रवन्ध मिलाएको छु।
- आर्युवेद सेवा केन्द्रलाई आर्युवेद अस्पतालको रुपमा विकास गर्न भवन निर्माण गर्न आवश्यक भएकोले दाताहरुवाट निशुल्क जग्गा उपलब्ध गराउन नागरिकहरु समक्ष हार्दिक अपिल गर्दछु। साथै जग्गा प्राप्त भएपश्चात संघीय निकायवाट बजेट विनियोजन गर्न आवश्यक पहल गरिने छ।
- उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गर्ने नीति अवलम्बन गरिने छ।
- आयुर्वेद प्रणालीको संरक्षण, क्रमबद्ध विकास एवं विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिने छ। त्यसको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधीजन्य जडीबुटीको संरक्षण, क्रमबद्ध विकास, विस्तार र उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरुलाई नियमन गरिने छ।
- आर्युवेद औषधालय बाट दिईने सेवा प्रभावकारी र गुणस्तरीय बनाउन पञ्चकर्म सेवा सञ्चालन, चिकित्सा सेवा, औषधि, उपकरण तथा जनशक्तिको व्यवस्थापन गरिने छ।
- स्वस्थ्य जीवनशैलीको लागि योगा महत्वपुर्ण भएकोले योगा शिक्षाका लागि आवश्यक अभ्यासको कार्यक्रम सञ्चालन गरिने छ।
- आर्युवेदमा जेष्ठ नागरिक तथा वालवालिका तथा मातृशिशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- वडास्तरमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन प्रारम्भ गरिने छ।
- स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न आवश्यक नीति नियम तर्जुमा गरि नियमित रुपमा अनुगमन गरिने छ। स्वास्थ्य क्षेत्रमा कृयाशिल समिति तथा स्वास्थ्यसँग सम्बन्धित मातहतका निकायहरुलाई सक्षम तथा जवाफदेही बनाइने छ।
- केन्द्र तथा प्रदेश सरकार र जिल्ला अस्पतलसँग समन्वय गरी समय समयमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण शिविरको आयोजना गरिने छ।
- नेपालको संबिधान २०७२ र स्थानिय सरकार सन्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका स्वास्थ्य सेवा सँग सम्बन्धित बाँकी सबै ऐन,नीति,रणनीतिहरु बनाउने कार्य सम्पन्न गरिनेछ।
- पुर्ण खोप पालिका, दिगोपना कायम राख्ने, पोषणमैत्री पालिका घोषणा, जिरो होम डेलिभरि गर्ने कार्यक्रमहरु अवलम्बन गरिनेछ।
- मातृ मृत्युदर शुन्यमा झार्न हरेक गर्भ इच्छित र हरेक शिशुको जन्म सुरक्षित बनाईनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच पुऱ्याउन अनिवार्य स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरी क्रमशः अधिकतम स्वास्थ्य सेवा प्रदान गर्दै लगिने छ।

- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ । तयारी खाद्य वस्तुको बारेमा बढाई चढाई विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गरिने छ । "सुनौलो हजार दिन" सम्बन्धी जागरणलाई निरन्तरता दिइने छ । नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइने छ ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिबृद्धि तथा शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको साथै प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य, मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजना, सुनौलो हजार जस्ता विद्यमान योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन एवं अन्य प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- क्षयरोग, कुष्ठरोग, यौनरोग तथा एच.आई.भी. एड्स, लागु औषध दुर्व्यसन र सर्ने, नसर्ने रोगको रोकथाम तथा उपचार तथा सचेतनामूलक एवं उपचारात्मक र पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिने छ । अन्य कीटजन्य रोग नियन्त्रण एवं मानसिक स्वास्थ्य, निशुल्क आँखा सेवा बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवं सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।
- आधारभूत तहका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन एवं पुर्वाधार निर्माण र अन्य आवश्यक कार्यको जिम्मेवारी वडातहको भएको हुँदा वडावाट नै बजेट विनियोजन हुन नीतिगत व्यवस्था गरेको छु ।

## १४. स्वच्छ खानेपानी

- ईश्वरपुर नगरपालिका वडा नं. १२ कालिन्जोर खानेपानीको अत्यन्त समस्या भएको क्षेत्र भएकोले दिगो र स्वच्छ खानेपानीको व्यवस्था सहित स्थायी रुपमा समस्या समाधानका लागि ईश्वरपुर नगरपालिका दृढ संकल्पिक रहेको छ ।
- कालिन्जोरमा खानेपानी समस्या समाधानका लागि नगरपालिकालाई प्राप्त हुने अनुदान र आन्तरिक स्रोत तर्फको बजेटवाट मात्र समाधानको उपाय सम्भव नभएकोले यसका लागि संघीय सरकार र प्रादेशिक सरकारको सहयोग अपरिहार्य नै छ ।
- विगतमा भएका केही प्रयासहरुले गुइडुङमा खानेपानीको समस्या समाधान भएको छ । पिपलदमार लगायतका क्षेत्रमा पनि केही सहजता भएको छ । मुख्य रुपमा तल्लो तटीय क्षेत्रमा खानेपानीको समस्या समाधानका लागि डिपिआर तयार गर्न बजेट विनियोजन गरेको छु । प्रतिवेदन तयार भएपछि आयोजना निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गर्न संघीय सरकार, प्रदेश सरकार एवं विभिन्न दातृ निकायसंग समन्वय गरी योजना कार्यान्वयन गर्न विशेष प्राथमिकता सहित पहल गरिनेछ ।

- वडा नं. १३ र १४ समस्याग्रस्त क्षेत्र भएकोले खानेपानीको समस्या दिगो रुपमा समाधानको लागि विशेष पहल गरिनेछ । तत्कालिन समस्या समाधानको लागि आवश्यक स्थानहरुमा डिपट्युवेल जडान गरि खानेपानीको समस्या समाधान गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- ईश्वरपुर नगरपालिका क्षेत्रमा स्वच्छ खानेपानी व्यवस्थाको लागि वडा नं. ५ र ९ मा ओभरहेड ट्याकीको व्यवस्था भएको र उक्त ओभरहेड ट्यांकीवाट वडा नं. ४, ५, ७, ८ र ९ मा खानेपानी वितरण हुँदै आएको छ । यसलाई दिगोरुपमा सञ्चालन व्यवस्थापनको लागि विशेष पहल गरिनेछ ।
- अन्य वडामा पनि स्वीकृत भएका आयोजना निर्माणको लागि सम्वन्धित निकायमा विशेष पहल गरिनेछ ।

## १५. महिला, वालवालिका, जेष्ठ नागरिक तथा अन्य लक्षित समुह

- विपन्न र पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरण, क्षमता विकास र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सबै वडामा सञ्चालन गरिनेछ ।
- महिला र वालवालिका क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वंयम सेविकाहरुको सम्मान र प्रोत्साहनका लागि साविक बमोजिम उपलब्ध गराईएको सुविधालाई निरन्तरता दिएको छु ।
- ईश्वरपुर नगरपालिकालाई वालमैत्री शासनयुक्त नगरपालिका वनाउने अभियान प्रारम्भ गरिने छ । स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रकृया एवम् योजना तर्जुमा, श्रोतको विनियोजन, कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा विशेष ध्यान पुऱ्याउदै यथाशिघ्र यस नगरलाई वालमैत्री नगर बनाउने नीति तर्जुमा गरी कार्यान्वयन प्रकृया अगाडि वढाइने छ । वालविवाह मुक्त नगरपालिका, वालश्रम मुक्त नगरपालिका प्राथमिकता राखी कार्यक्रम वनाइने छ ।
- अपाङ्गता भएको व्यक्तिहरुको लगत संकलन गरी आवश्यक शीपमुलक तालिम र सहायता सामग्रीमा सहयोग गर्दै आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवम् सामाजिक सुरक्षामा विशेष जोड दिईनेछ । अति अशक्त व्यक्ति र वृद्ध जेष्ठ नागरिकहरुलाई घरदैलोमा सामाजिक सुरक्षा रकम वितरण गर्ने प्रवन्ध मिलाइने छ ।
- दलित एवम् आदिवासी जनजाति, मुस्लिम र पिछडा वर्गहरुको शीप, क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै उक्त समुदायलाई फाईदा पुग्ने विशेष पूर्वाधार निर्माणमा जोड दिईनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत तथा व्यक्तिगत क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- जेष्ठ नागरिक, एकल र विधवा महिला, असक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने ब्यवस्था मिलाइनेछ ।

- एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द पिडीत, घरवार विहिन, तथा अति विपन्न गरिव लगायत आर्थिक सामाजिक रुपमा पछाडि पारिएका परिवारका सदस्यहरूका लागि स्वरोजगारमुलक तालिम संचालन गरिनेछ ।
- वालमैत्री तथा अपांग मैत्री नीति र कार्यविधिहरु वनाइ कार्यक्रमहरु तर्जूमा गरिने छ ।
- सामाजिक समावेशीकरण सम्वन्धी नीति, सामाजिक विभेद निवारण कार्यविधि तयार गरिने छ ।
- वालवालिका पुर्नस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र तथा असक्त स्याहार केन्द्र निर्माणको लागि बजेट विनियोजन गरिने छ ।
- वाल उद्यान निर्माणका लागि सम्भांव्यता अध्ययन गरी योजना निर्माण गर्न बजेट विनियोजन गरिने छ ।

## १६. युवा तथा खेलकुद विकास

हाम्रा यूवाहरू विकासका संवाहक हुन । आजका युवालाई भोलीका जिम्मेवार नागरिक वनाउने अभियानमा सघाउ पुर्‍याउने कार्यक्रमलाई टेवा दिने विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । युवामा रहेको प्रतिभा विकास प्रस्फुटन हुने कार्यक्रमहरु संचालन गरिने छ । विशेषतः कुलतमा फसेका युवाहरुलाई कुलतवाट मुक्त गराउने चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ । युवालाई रोजगारी र विकासको कार्यमा जोडनु पर्ने आवश्यकता महशुस गरि युवामैत्री रोजगार कार्यक्रम अर्न्तगत सिप विकास सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ । युवा र खेलकुद वीच अपरिहार्य सम्वन्ध रहेको हुन्छ । युवालाई स्वस्थ्य र स्फुर्त वनाउन अभिरुची अनुसारका खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विगतमा जस्तै क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ । खेलकुद क्षेत्रको विकासको लागि देहायअनुसारका कार्यक्रमहरु प्रस्ताव गरिने छ ।

- संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहयोगमा सवै वडामा खेल मैदान वनाउने कार्यक्रमलाई विशेष प्राथमिकता राखिनेछ ।
- संघीय सरकारको एक पालिका एक रंगशालाको नीतिलाई कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।
- खुला व्यायमशाला निर्माण कार्यलाई बजेट विनियोजन गरि प्रारम्भ गरिने छ ।
- वडा नं. ५ मा निर्माणाधिन कभर्डहललाई आवश्यक बजेट विनियोजनका लागि प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ ।
- नगरपालिकामा विभिन्न प्रकारका खेलकुदका प्रादेशिक र जिल्लास्तरीय प्रतियोगिता सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- विद्यालयका वालवालिकाहरुलाई खेलकुदसंग आकर्षण गराउन खेल प्रशिक्षकको व्यवस्थालाई निरन्तरता दिएको छु ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको माध्यमवाट खेलकुदमा उत्कृष्ट प्रतिभाको चयन गरि जिल्लास्तरीय, प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताको लागि विशेष सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

## १७. गैर सरकारी संस्थासंग सहकार्य

सामाजिक क्षेत्रको विकासकोलागि गैर सरकारी संस्थाको भूमिका महत्वपुर्ण रहने हुन्छ । विशेषतः महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, अति विपन्न गरिव, पिछडिएको वर्गको सामाजिक र आर्थिक उत्थानमा गैरसरकारी संस्थाको अपरिहार्यतालाई महशुस गरी ईश्वरपुर नगरपालिकामा कार्यक्षेत्र वनाई काम गर्न इच्छुक राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थालाई विशेष प्रोत्साहन गरिनेछ । हाल कार्यरत सेभ द चिल्ड्रेन, ग्रामीण नारी उत्थान संघ, रुपान्तरण नेपाल, वागमती सेवा समाज, वन हर्ट, मेरी स्टोप जस्ता संस्थासंग भई रहेको सहकार्यलाई निरन्तरता दिइने छ । स्थानीय तह र गैसस एवं नीजिक्षेत्र वीच साझेदारी प्रवन्धको लागि आवश्यक नीति र कार्यविधि तयार गरिने छ ।

## १८. टोल सुधार समिति

- स्थानीयस्तरको विकासमा टोलसुधार संस्थाको महत्वपुर्ण भूमिका रहने गर्दछ । पटके उपभोक्ता समितिलाई विस्थापित गरि स्थानीय नागरिकहरुको सक्रियतामा गठन भएको संस्थागत संरचना टोल सुधार समितिलाई स्थानीयस्तरको विकास निर्माण कार्यमा जिम्मेवार वनाईने नीति अवलम्वन गरिनेछ ।
- हाल वडा नं. ४ मा मात्र गठन भएको टोल सुधार संस्था क्रमश अन्य वडामा पनि गठन गरिनेछ ।
- विशेषतः फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, जनचेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा गरिने नीति अवलम्वन गरिनेछ ।

## १९. नागरिक सुरक्षा र सुरक्षा निकायको सबलीकरण

- नागरिको सुरक्षाको प्रत्याभूति राज्यको तर्फवाट सुनिश्चित हुनु पर्ने व्यवस्थालाई सघाउ पुर्‍याउन भौगोलिक दुरीको हिसावले विद्यमान प्रहरी कार्यालयावाट ईश्वरपुर नगरपालिका भित्रका केही वडामा शान्ति सुरक्षा व्यवस्थापन गर्न कठिनाई देखिएकोले हालै वडा नं. १२ कालिन्जोर प्रहरी चौकी स्थापनाको निर्णय भएको र वडा नं. १ चौलिखा बजार क्षेत्रमा प्रहरी चौकी स्थापना गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- बयलवास बजार क्षेत्रमा सुरक्षा व्यवस्था निगरानीको लागि सिसि क्यामेरा जडानलाई विस्तार गरिने छ । अन्य बजार क्षेत्रमा क्रमशः सिसि क्यामेरा जडान गरिदै लगिने छ ।
- सुरक्षा निकायको भौतिक सुधार सबलीकरणमा सहयोग पुर्‍याइने छ ।

## २०. नगर प्रहरी

- नगर प्रहरीको पदपुर्तिको लागि विज्ञापन भइसकेको हुँदा भर्ना प्रकृया अविलम्वन प्रारम्भ गरिनेछ । मुख्यतः सडक क्षेत्रमा सवारी साधान व्यवस्थापन, बजार व्यवस्थापन, व्यवसाय कर संकलन, आन्तरिक सुरक्षा व्यवस्थापनमा नगर प्रहरीलाई परिचालन गरिनेछ ।

## २१. संस्कृति प्रवर्द्धन

- विभिन्न धर्म, संस्कृति, चाडपर्व, कला र रितीरिवाजलाई बचाई राख्न सम्बन्धित धार्मिक पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी पूजा-पाठ, मेला संचालन वा अन्य प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याईने नीति अवलम्वन गरिने छ ।

- ईश्वरपुर नगरको ऐतिहासिक तथा साँस्कृतिक मूर्त तथा अमूर्त सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा विद्यालय परिवार र स्थानीय क्लवलाई परिचालन गर्ने नीति लिईनेछ ।

## आर्थिक विकास

नागरिकको आर्थिक उन्नती विना समग्र नगरको उन्नती नहुने संभावनालाई मध्यनजर गर्दै आर्थिक विकासकालागि विशेष प्राथमिकता दिइने छ । यसका साथै लगानी मैत्री वातावरण तयार गरी स्थानीयस्तरमा रोजगारी वृद्धि गर्न आर्थिक क्रियाकलापमा स्थानीय सहभागिता अभिवृद्धि तथा वाह्य लगानी प्रवर्द्धन गर्ने व्यवस्था अगाडि वढाइने छ । स्थानीय आयस्रोतको दायरा बढाई नगरको आय बृद्धि गर्ने र स्थानीय प्राथमिकताका क्षेत्रमा लगानी बढाउँदै स्वावलम्बन हासिल गर्ने दिशामा उन्मुख हुन वातावरण सृजना गर्ने छ ।

## २२. कृषि विकास

- यस नगरपालिकाका कृषकहरुलाई कृषि खेतिमा आत्मनिर्भर बनाउन तरकारी खेतीलाई प्रोत्साहन गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरि वडा नं. ५ फुलजोरमा आवश्यक जग्गा व्यवस्थापन गरी बजार व्यवस्थापन र पुर्वाधार तयार गरिनेछ । यस कार्यको लागि आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।
- वडा नं. १३ र १४ तरकारी वालीको पकेट क्षेत्र भएकोले हेल्भटास नेपालको सहयोगमा स्थानीय सहकारीलाई प्रवर्द्धन गरि तरकारी संकलन केन्द्र निर्माण गरि नजिकको बजारसम्म तरकारी ढुवानीको लागि सवारी साधन खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- संघीय सरकारको नीति बमोजिम कृषकहरुलाई कृषक समुहमा आवद्ध गर्दै कृषक सहकारी गठन गरी ढुवानीको साधनमा प्राप्त हुने छुट रकमको उपयोग गरी ढुवानी साधन खरिद गर्न सहयोग दिने व्यवस्था मिलाएको छु ।
- समुहमा खेती गर्ने किसानहरुलाई  आवश्यक प्रविधिहरु अनुदानको  रुपमा हस्तान्तरण गरिनेछ ।
- मकै खेतीलाई संरक्षण, प्रबर्द्धन तथा प्रोत्साहित गर्न मकै पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ ।
- उन्नत विउ विजन, मलखाद सर्वसुलभ मिलाउन सम्वन्धित निकायहरुसंग पहल गरी आवश्यक प्रवन्ध गर्ने छु ।
- कृषि विद्युतिकरण, डिप बोरिङ, कृषि बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अवलम्बन गरिने छ ।
- कृषि सिंचाई मोटर विद्युतको महशुल प्रदेश सरकारको सहकार्यमा किसानलाई अनुदान दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- सतह सिंचाईको लागि अमुवा खोलाको विशष सम्भावना देखिएकोले अमुवा खोला लगायत बाँकेखोलावाट सिचाई सुविधा उपलब्ध गराउने व्यवस्थाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- नक्टाझिजसंग सहकार्य गरि वन्द भएको सिंचाईका संरचनाहरु मर्मत गर्ने र अन्य नयाँ संरचनाहरु निर्माण गर्न सहकार्यको व्यवस्था मिलाएको छु ।

- कृषि उपज भण्डार गरी कृषकको आय अभिवृद्धि गर्न संघ/प्रदेश सरकार तथा दातृ निकायको सहयोगमा शितभण्डार गृह निर्माणको लागि आवश्यक प्रवन्ध मिलाउन प्रस्ताव गरेको छु ।
- कृषि सेवा कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले नयाँ भवन निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

## २३. पशु विकास

- वडा नं. १२ र १५ मा पशु सेवा केन्द्र सञ्चालनको लागि निरन्तरता दिएको छु । अन्य वडामा सेवा प्रवाह गर्न नीजि प्राविधिकहरु संग समन्वय गरि आवश्यक प्रवन्ध मिलाइने छ ।
- माछापालन व्यवसाय कृषि व्यवसाय भएको हुँदा पोखरीमा पानी भर्न निर्माण गरिएका संरचनाहरुको विद्युत महशुललाई अनुदान दिने व्यवस्थाका लागि सम्वन्धित निकाय समक्ष विशेष पहल गरिनेछ ।
- विपन्न, दलित, एकल महिला, बेरोजगार यूवाको आय आर्जन अभिबृद्धका लागि बाख्रा, बंगुर वितरण एवम् व्यवसायिक फर्म प्रबर्धन गर्न आवश्यक प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराईने छ ।
- पशुबस्तुमा लाग्ने विभिन्न महामारीजन्य रोग नियन्त्रणको लागि प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।
- वडास्तरमा सेवा प्रवाह गर्न ट्रेबिज निर्माण गरिने छ ।
- पशु सेवा कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले नयाँ भवन निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

## २४. सहकारी, गरिवी निवारण, वित्तिय र अन्य क्षेत्र

- ईश्वरपुर नगरपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालनमा रहेका सवै प्रकारका सहकारीहरुको नियमित नियमन र अनुगमन सम्वन्धी कार्य गरिनेछ । यसका लागि आवश्यक नीतिगत व्यवस्था गरि वडा समितिलाई जिम्मेवारी तोकिनेछ ।
- लघु उद्यम विकासको माध्यमबाट गरिबी निवारणका लागि विभिन्न आयमुलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्न निजी क्षेत्र समेतको सहकार्यमा आवश्यक व्यवस्था मिलाईने छ ।
- सर्वसाधारण जनताको बैकिङ्ग सेवामा पहुँच बृद्धि गर्न बजार उन्मुख अन्यक्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु स्थापना र संचालन गर्न प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।
- सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तारकालागि आवश्यक नीतिगत तयार गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगलाई पारदर्शी र प्रभावकारी उपयोग गरी नगरमा आर्थिक विकासलाई तिव्रता दिने नीति लिईने छ । आर्थिक विकासका कार्य गर्दा रोजगारी वृद्धि, गरिवी न्यूनीकरण तथा सामाजिक समावेशीकरणमा जोड दिईने छ ।
- उद्दमशीलता विकास गरी आयआर्जन गर्न समुदायको क्षमता विकास गरी परिचालन गरिने छ ।

## २५. रोजगारी सृजना

स्थानीय रोजगारी प्रवर्द्धन तथा उद्दमशीलता बिकासका लागि १५ वटै वडाका छनौट भएका यूवालाई यूवा उद्दमशीलता तालिम प्रदान गरिनेछ। यस्तै गरी बैदेशिक रोजगारबाट घर फर्कीएका यूवालाई स्थानीय विकास तथा रोजगारी प्रवर्द्धनमा अभिप्रेरित गर्नका लागि छनौट भएका यूवालाई वैदेशिक उद्दमशीलता सदुपयोग कार्यक्रम अन्तर्गत सहयोग गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत छनौट भएका बेरोजगार युवाहरुलाई पुर्वाधारजन्य रोजगारी उपलब्ध गराई पुर्वाधार निर्माणमा सहयोग पुर्‍याइने छ।

## २६. पर्यटन विकास र उद्योग

- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संभाव्यता अध्ययन गरी पर्यटन पुर्वाधार निर्माण गरिने छ। वडा नं. १२ को राजारानी डाडा, वडा नं. ४ को सागरनाथ महादेव मन्दिरको परिसरमा धार्मिक पर्यटन क्षेत्र, वडा नं. ३ पक्कावाँध सिमसार क्षेत्र, वडा नं. ६ को फुलजोर वावा मन्दिर, दस विगाहा उद्यान क्षेत्रलाई पर्यटन प्रवर्द्धनको लागि आवश्यक नीतिगत व्यवस्था गरी बजेटको व्यवस्था हुन संघीय र प्रादेशिक सरकार समक्ष प्रस्ताव पेश गर्ने व्यवस्था मिलाएको छु।
- नगरपालिका क्षेत्रभित्र रहेका सिमसार क्षेत्रको सम्भाव्यता अध्ययन गरि सिमसार क्षेत्रको संरक्षण, पोखरी निर्माण तथा पार्क निर्माण कार्यलाई विशेष प्राथमिकता दिइने छ।

## २७. औद्यौगिक क्षेत्र प्रबर्द्धन कार्यक्रम

- सरकारी स्वामित्वमा रहेका ऐैलानी पर्ति, नदि उकास जग्गाको लगत संकलन गरि त्यस्ता जग्गाहरुमा उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार तयार गरि लगानीमैत्री नीति तर्जुमा गरिने छ
- नगरपालिकाको स्वामित्वमा रहेका ऐलानी, पर्ति नदी उकास जग्गाको पहिचान गरी औद्योगिक ग्रामको डिपिआर तयार गरिने छ।
- औद्योगिक ग्राम सञ्चालनको लागि आवश्यक नीति तथा कार्यविधिहरु तयारी गरिने छ । घरेलु साना तथा मझौला उद्योग स्थापनाको लागि विशेष प्राथमिकता दिइने छ।

## २८. उपभोक्ता हकहित संरक्षण

- उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानीय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, नागरिक समाज, संचारकर्मी र सरोकारवाला निकायहरुसँग समन्वय गरी बजारमा हुने कृत्रिम अभाव, कालो बजारी र एकाधिकारलाई नियन्त्रण र निरुत्साहित गर्ने कार्यलाई कार्यविधि स्वीकृत समेत भएको हुँदा नियमित अनुगमन गर्ने व्यवस्था गरिने छ।

## २९. बयलवास बजार तथा अन्य बजारको विकास

ईश्वरपुर नगरपालिकाको केन्द्रको रुपमा रहेको बयलवास बजारको सर्वाङ्गिण विकासको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) वमोजिम २ वटा कम्प्लेक्स भवन निर्माण आगामी आ.व.मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। अन्य पुर्वाधारहरु निर्माण गर्न नगर विकास कोषसंग दीर्घकालिन ऋण सहयोग लिने नीति अवलम्वन गरिनेछ। बयलवास बजारको व्यवस्थापन र विस्तार सम्वन्धमा देहायअनुसारको नीतिगत अवलम्वन गर्ने प्रस्ताव गरेको छु।

- हाल रहेको पशु हाट बजारलाई उपयुक्त स्थान छनौट गरि स्थानान्तरण गरिने छ ।
- पशु वधशालालाई अत्याधुनिक वधशाला निर्माण गरी सञ्चालनमा ल्याइने छ ।
- साप्ताहिक हाट बजारलाई नियमित र स्थायी बजारको रुपमा रुपान्तरण गरिने छ ।
- वयलवास बजारको मुलसडकमा खाली रहेको स्थानमा बगैचा पार्क निर्माण तथा राष्ट्रिय विभूतिहरुको मूर्ति स्थापना सहित यात्रु प्रतिक्षालय निर्माण गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका अन्य प्रमुख बजारहरु (विरेन्द्र बजार, चौलिखा बजार, महारानी बजार, सुकनाहा बजार, रामपुर खाल्टे बजार, सागरनाथ बजार, बेला-खैरा बजार र रामनगरको बजारमा थप पुर्वाधार सुधारको कार्य क्रमश गरिने छ ।

## ३०. पूर्वाधार विकासः

ईश्वरपुर नगरपालिकाको भुगोल १६३.८३ वर्ग किलोमिटर भएको हुँदा विकासका पुर्वाधारको आवश्यकता सोही बमोजिम नै रहने गर्दछ । साविकमा ५ वटा गाविसलाई समावेश गरि १५ वटा वडामा विभाजन भएको नगरपालिका उत्तरमा चुरे क्षेत्र देखि दक्षिणमा समतल मैदान फैलिएको छ । नगर यातायात गुरु योजनामा उल्लेख भएबमोजिम करिव ३१५.६१ कि.मि. सडकहरु नगर क्षेत्रमा रहेका छन । राष्ट्रिय राजमार्ग, हुलाकी मार्ग र जिल्लास्तरीय वाहेकका सवै सडकहरुको क्षेत्राधिकार नगरपालिका भित्र पर्ने भएकोले सडक निर्माणको महत्वपुर्ण दायित्व नगरपालिकाको रहेको छ । नगरपालिकामा प्राप्त सिमित अनुदानका बजेटवाट प्राथमिकतामा आधारित नगरस्तरीय सडकहरुको वार्षिक रुपमा केही किलोमिटर कालोपत्रे गर्ने र वडातहका सडकहरुको स्तरोन्नती गर्न कार्य नियमित रुपमा हुँदै आएको छ । सडकको अतिरिक्त पुल पुलेसा, सडक संरक्षण, ढल निकास तथा नाला निर्माण आदि कार्य पनि नियमित रुपमा हुँदै आएको छ । यी वाहेक सामाजिक विकास क्षेत्रको पुर्वाधार, आर्थिक विकास क्षेत्रका पुर्वाधार, विपद व्यवस्थापन सम्वन्धी पुर्वाधार पनि महत्वपुर्ण हुन । यी सवै पुर्वाधारहरुलाई संघीय सरकार र प्रदेश सरकारको सहयोग र साझेदारीमा आवश्यकता र प्राथमिकतालाई मध्येनजर गरि क्रमश निर्माण गर्न देहायअनुसार नीति तर्जुमा गरेको छु ।

- नगरपालिकावाट निर्माण भएका सार्वजनिक पुर्वाधारहरुको आकस्मिक मर्मत गर्न मर्मत संभार कोषको नीतिगत व्यवस्था र आवश्यक बजेट व्यवस्था गरि आकस्मिक मर्मत सुधार कोष खडा गरिने छ ।
- चालु आ.ब.मा शुरू गरी सम्पन्न हुन बाँकी योजनाहरूलाई प्राथमिकतामै राखी आगामी आ.ब. मा सम्पन्न गरिनेछ ।
- ठुला आयोजना निर्माण गर्दा अनिवार्यरुपमा वातावरणीय अध्ययन र प्रभाव मूल्यांकन गरिने छ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षाको लागि **"उज्यालो शहर, ईश्वरपुर नगर"** अभियानलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्र भित्र वसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरी डिपिआर तयार गरिने छ ।
- विद्युत सेवाको पहुँच नपुगेका वस्तीहरुमा आवश्यक पोल सहित विद्युतीकरणको व्यवस्था मिलाईनेछ  साथै सम्भाव्यता र आवश्यकताका आधारमा सौर्य बत्तिको विस्तार गरिनेछ ।
- मुख्य सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

- नगरको बडा नं ३ स्थित बाँध टोल दुर्गा मन्दिरमा वाल उद्यान निर्माण गरिनेछ । पूर्व पश्चिम राजमार्ग नजिक उपयुक्त स्थानमा यात्रु विश्राम पार्क निर्माण गर्ने कार्य आगामी आ.ब.मा सुरू गरिनेछ
- संघीय सरकार र प्रदेश सरकारवाट उपलब्ध हुने विशेष अनुदान र सम्पुरक अनुदान तर्फको बजेटवाट ठुला पुर्वाधारमा लगानी गर्ने नीति सुनिश्चित गरिने छ ।

## ३१. भवन निर्माण, नक्सा पास, सम्बन्धी नीतिहरु

- व्यवस्थित शहरीकरणलाई विकास गर्न नगर भित्रका संरचनाहरूको अभिलेखीकरण गर्ने उद्देश्यले साविकका संरचनाहरूको नक्सा सहित अभिलेखीकरण गराउनु पर्ने व्यवस्थालाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- नयाँ निर्माण गरिने भवनको अनिवार्य रुपमा नक्सा पास गराइ मात्र निर्माण गर्न अनुमती दिइने छ ।
- हालसम्म निर्माण भएका सवै भवनजन्य पुर्वाधारहरुको अभिलेखीकरण गर्ने कार्य गरिनेछ ।

## ३२. वातावरण तथा विपद व्यवस्थापन

- स्थानीय समुदायको वातावरण व्यवस्थापनमा सक्रिय सहभागिता वृद्धि गरी विपद जोखिम न्यूनीकरण तथा विपद पूर्व तयारी गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- समुदायस्तरमा जुनसुकै अवस्थामा पनि विपद व्यवस्थापनको कार्यमा आवश्यक सहयोग गर्न सकिने व्यवस्था मिलाउने गरी विपद् व्यवस्थापन कोष खडा गर्ने र कोषवाट तत्काल सहयोग पुर्‍याउन आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्था प्रस्ताव गरेको छु ।
- छिमेकी हरिवन नगरपालिकासंग साझेदारीमा दमकल सञ्चालन व्यवस्थापनको कार्यलाई निरन्तरता दिएको छु ।
- विशेषत: राजमार्ग किनारालाई हरियालीयुक्त वनाउने अभियान अन्तर्गत पहिलो चरणमा फुलजोर देखि खोरियाटोलसम्मको सडकमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- वातावरण व्यवस्थापनका अन्य कार्य आवश्यकता वमोजिम सञ्चालन गरिदै लगिने छ ।
- बाढीबाट प्रभावित बस्तीमा घरबस्ती बचाउ अभियान संचालन गरिने छ ।
- जंगली हात्तीको आतंकबाट मानवीय क्षत्ति हुन नदिन सम्बन्धित निकायसँग समन्वय गरि नियन्त्रणका लागि आवश्यक पहल गरिने छ ।
- विपद व्यवस्थापन कोष सञ्चालन गर्न आवश्यक नीति स्वीकृती भएकोले आवश्यक बजेट व्यवस्था गरिने छ ।
- आपतकालिन केन्द्र सञ्चालनको लागि आवश्यक प्रवन्ध गरिने छ ।

## ३३. सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- दिगो रुपमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन राष्ट्रिय रुपमा चुनौतीपुर्ण रहेको सर्वविदितै छ । यद्यपि कतिपय स्थानीय तहले फोहोरलाई मोहरमा परिणत गरेका उदाहरणहरु समेत हामीलाई जानकारीमा छ । दिगो रुपमा सरसफाई र फोहोर मैला

व्यवस्थापनमा नागरिकहरुको सहकार्य र सहयोग विना स्थानीय तहले यसको व्यवस्थापन गर्न कठिनाई नै हुने गर्दछ ।

- हाल वडा नं. ५, ६ र ७ मा सरसफाई तथा फोहोर मैला व्यवस्थापनको कार्य भई रहेकोमा आगामी आ.व. देखि स्थानीयको लागत साझेदारीमा शुल्कमा आधारित व्यवस्था सहित फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनलाई क्षेत्र विस्तार गर्दै आगामी आ.व. देखि ईश्वरपुर नगरपालिका क्षेत्र भित्रका अन्य बजार क्षेत्रमा साप्ताहिक रुपमा र मा.वि. तहका विद्यालय र स्वास्थ्य केन्द्रमा पाक्षिक रुपमा सरसफाई गर्ने अभियान प्रारम्भ गरिनेछ ।
- फोहोरमैलाको दिगो व्यवस्थापनको लागि छिमेकी स्थानीय तहसंग सहकार्य गरि ल्याण्डफिल साइडको संभाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

## ३४. संस्थागत विकास सेवा प्रवाह र सुशासन

- जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी संस्थागत सुदृढीकरणको माध्यमवाट स्थानीय सुशासन प्रवर्द्धन गर्दै जाने र नागरिकले प्राप्त गर्ने सेवालाई छिटो छरितो वनाई नागरिक मैत्री स्थानीय तहमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिने छ । ईश्वरपुर नगरपालिकाको वडा संख्या, जनसंख्या र सेवा प्रवाहको क्षेत्रलाई आधारमानी तयार गरिएको संगठन संरचना अनुसार प्रस्तावित दरवन्दीमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न सम्वन्धित निकायमा माग गर्ने व्यवस्था मिलाएको छु ।
- हाल वडा कार्यालय भवन नभएको वडा नं. ४, ५, ७, ८, ९, ११, १३ र १४ मा वडा कार्यालय भवन निर्माणको लागि ठेक्का व्यवस्थापन भइसकेको हुँदा भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडा कार्यालयलाई प्रविधि मैत्री वनाउन आवश्यक प्रवन्ध मिलाउने नीति प्रस्ताव गरेको छु ।
- नगर कार्यपालिकाको कार्यालय सञ्चालन रहेको भवनमा प्रर्याप्त कार्यकक्ष, तालिम हल, सभाहल, सेवाग्राही प्रतिक्षालय, सवारी पार्किङ क्षेत्र आदि अभाव रहेको हुँदा उक्त संरचनाहरु तयार गर्न वनाइएको डिपिआर बमोजिम उल्लेखित पुर्वाधारहरु क्रमश वनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि योजना तर्जूमा गरिने छ । पदाधिकारी तथा विषयगत शाखा र कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरि अधिकार प्रत्यायोजन गर्ने नीति अवलम्वन गरिने छ ।
- वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना तयार गरि खरिद तथा निर्माण कार्य प्रारम्भ गरिने छ ।
- दिगो विकासका लक्ष्य र सूचकहरुको स्थानीयकरण गरी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम समावेश गरी लक्ष्य प्राप्तिका लागि आवश्यक पहल गरिने छ ।
- नागरिक गुनासो सुनवाईको लागि प्रत्येक महिना मेयरसँग मनका कुरा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिने छ ।

- सेवा प्रवाहलाई बढि प्रभावकारी बनाउन सार्वजनिक सुनवाई, सामाजिक परीक्षण चौमासिक तथा वार्षिक प्रगति समिक्षा गोष्ठी जस्ता कार्यक्रम संचालन गरि प्राप्त पृष्ठपोषणको आधारमा सेवा प्रवाहमा सुधार ल्याईने छ ।
- स्थानीय तहमा भएका असल अभ्यासहरुलाई एक आपसमा आदन प्रदान गर्न अन्तर स्थानिय तह बिच सहकार्य गरिने छ ।
- सवै स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्युतीय हाजीरी क्रमश जडान गर्ने आवश्यक व्यवस्था गरेको छु ।
- नगरपालिकामा सेवाग्राहीमैत्री पूर्वाधार निर्माण गरिने छ । महिला, वालवालिका, जेष्ठ नागरिक, अशक्तहरुका लागि भुई तल्लामा सेवा कक्ष निर्माण गरिनेछ । कार्यालय परिसर भित्र नागरिक मैत्री प्रतिक्षालय, व्यवस्थित पार्किङ पूर्वाधार निर्माण गरिने छ ।
- कार्य सम्पादनमा आधारित मुल्याँकन पद्धतिबाट नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिईने छ ।
- LISA तथा FRA मा उत्कृष्ट अंक प्राप्तिमा योगदान गर्ने कर्मचारीलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।
- ईश्वपुर नगरवासीलाई नागरिकता वनाउन मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा ईलाका प्रशासन कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा थप पहल गरिने छ ।
- ईश्वपुर नगरवासीलाई नापी र मालपोत कार्यालयामा पर्ने काम गर्न मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा इलाकास्तरीय नापी तथा मालपोत कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा थप पहल गरिने छ ।

### ३५. आवधिक र वार्षिक नगर विकास योजना कार्यान्वयन र अनुगमन

- आगामी आ.व. देखि आवधिक नगर विकास योजना कार्यान्वयन हुने भएकोले आवधिक नगर विकास योजनाले परिलक्षित गरेका सूचक र लक्ष्य प्राप्तीका लागि तादम्यता मिलाई वार्षिक योजना तयार गरिनेछ ।
- योजना तथा कार्यक्रमको कार्यान्वयन आर्थिक वर्षको अन्त्यमा हुने प्रवृतिलाई निरुत्साहित गरि वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गर्न जोड दिइनेछ ।
- ठेक्कापट्टा गर्नु पर्ने योजनाहरु पहिलो त्रैमासिक अवधिमा प्रकृयाको थालनी र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना दोस्रो त्रैमासिक अवधि भित्र उपभोक्ता समिति गठन र सम्झौता गर्ने नीति अवलम्वन गरिनेछ ।
- वडातहले उपभोक्ता समिति गठन सम्वन्धी सूचना सामाजिक सञ्जालमा अनिवार्यरुपमा प्रेषण गर्नु पर्ने नीति अवलम्वन गरिनेछ ।
- प्रदेश तथा संघीय सरकारवाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिले अनिवार्य रुपमा कुल लागत अनुमानको २० प्रतिशत हुने रकम जनश्रमदान वा १५ प्रतिशतले हुने रकम नगद लागत सहभागिता जम्मा गर्नु पर्ने प्रावधान गरिनेछ ।

- आकस्मिक अवस्थामा वाहेक अन्य अवस्थामा कार्यपालिकावाट योजना संसोधन गर्न नमिल्ने व्यवस्था लागू गर्ने ।
- संस्थागत निकायहरु (विद्यालय, खानेपानी उपभोक्ता समिति, धार्मिक संस्था) को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धित संस्थाको समितिवाट सञ्चालन गर्ने र संस्थाको खातामा रकम निकासा गर्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयको योजनामा हाल तोकिएको जनश्रमदान १५ प्रतिशतवाट घटाई १० प्रतिशत लागु गरिनेछ ।
- दलित समुदाय लक्षित योजनामा दलित महिलाहरु मात्र रहने उपभोक्ता समितिमा अनिवार्य जनश्रमदान लागु गरिने छैन ।
- एकै व्यक्ति एकै आर्थिक वर्षमा उपभोक्ता समितिको कुनै पदमा रहन नपाउने नीति अवलम्वन गरिनेछ ।
- टोल सुधार समिति गठन भएको टोलवस्तीमा सञ्चालन गरिने योजनाको कार्यान्वयन टोल सुधार समिति मार्फत नै कार्यान्वयन गरिनेछ ।
- ईश्वरपुर नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका योजना तथा कार्यक्रमको अनुगमन नगरपालिकावाट स्वीकृत अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८० बमोजिम अनुगमन गरिने छ ।

**३६. आन्तरिक आय र राजस्व प्रशासनः**

- नगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धिका लागि राजस्व प्रशासनको व्यवस्थापन अपरिहार्य भएकोले राजस्व शाखामा आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- आन्तरिक आयका स्रोतहरुको पहिचान र अध्ययन गरि आवश्यक सुधारका कार्यहरु गरि आयस्रोत अभिवृद्धि गरिनेछ ।
- नगरपालिका भित्र उद्योग र व्यवसाय सञ्चालन गर्ने सवैलाई व्यवसाय करको दायरामा आवद्ध गराइनेछ । व्यवसाय कर, घर वहाल कर, भवन निर्माण इजाजत जस्ता क्षेत्रमा नगर प्रहरी परिचालन गरि व्यवस्थित गरिनेछ ।
- राजस्व परामर्श समितिको सिफारिसमा पेश भएका कर, सेवा शुल्क, दस्तुरको दररेटलाई आधार मानी आन्तरिक आय संकलन कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकालाई आन्तरिक राजश्व वद्धि गर्न सबल, सक्षम र प्रतिस्पर्धी बनाउन करको दायरालाई फराकिलो बनाइने छ । यसको लागि सरोकारबाला पक्षसँग आवश्यक छलफल समन्य तथा सहकार्य गरि आवश्यक नीति निर्माण गरिने छ ।
- यस नगरपालिकाको १५ वटै वडाहरुमा विद्युतीय माध्यमद्धारा कर संकलन कार्यलाई प्रभावकारी बनाई सेवाग्राहीलाई चुस्त र दुरुस्त सेवा प्रदान गरिने छ ।
- राजस्व प्रशासनलाई व्यवस्थापन गर्न राजस्व सुधार ऐन र कार्ययोजना तयारी गरिने छ ।
- प्राकृतिक श्रोतहरु (नदीजन्यपदार्थ सहित) को समुचित प्रयोगका लागि वातावरणीय प्रभाव मूल्यांकनमा जोड दिइनेछ ।
- घरजग्गा तथा सम्पतिको रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको मूल्यांकन समयानुकुल वृद्धि गरि सिफारिस गरिनेछ ।

## ३७. न्यायिक समिति

संवैधानिक व्यवस्था बमोजिम गठन भएको न्यायिक समितिलाई सक्षम, सबल तथा न्यायिक निरुपणका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईने छ । समुदायमा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ । वडातहमा मेलमिलापकर्ताको रोष्टर तयार गरि जिम्मेवारी तोक्ने कार्यको थालनी गरिने छ । न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम उपलब्ध गराइने छ । न्यायिक सम्पादन हेतु आवश्यक ऐन, नियम तथा कार्यविधि तयारी गरिने छ ।

## ३८. भूमिको वर्गीकरण, अव्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन

- ईश्वरपुर नगरपालिकामा भूमिहिन सुकुम्बासीको लगत संकलन कार्य दुई चरणमा सम्पन्न भएको छ । सुकुम्बासीहरुलाई भूमि वितरण गर्ने कार्यलाई आयोगसँग सहकार्य गरि समस्या समाधानको लागि आवश्यक व्यवस्थापन भैरहेको छ । आगामी आ.व.भित्र भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई कानुनले तोके बमोजिमको प्रकृया पुरा गरि आयोगको सहकार्यमा पुर्जा वितरण कार्य सम्पन्न गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु, सार्वजनिक पोखरी, पानी मुहान, नदी तथा नदी किनार, सार्वजनिक पैनीको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिन अभिलेख अद्यावधिक गर्दै लगिनेछ ।
- भूमिको वर्गीकरणको लागि सडकको मापदण्ड सम्वन्धी नगर यातायात योजनाको प्रतिवेदन आवश्यक पर्ने भएकोले आगामी आ.व.को पहिलो त्रैमासिक अवधि भित्रमा कार्य सम्पन्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## ३९. संघ, प्रदेश र स्थानीय तह वीच सहकार्य र समन्वय

स्थानीय तहको विकासको लागि तीनै तहका सरकार वीच सहकार्य र समन्वय हुन आवश्यक छ । संघ र प्रदेशको सहयोग नभई स्थानीय तहमा ठुला पुर्वाधार विकास सम्भावना नै हुँदैन । साथै स्थानीय तहको सहयोग नभई संघ र प्रदेशले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पनि सक्दैन । स्थानीय तहहरु वीच विकास निर्माणको कार्यक्रम साझेदारी सहयोगको आवश्यकता पर्दछ । देहायको क्षेत्रमा संघ, प्रदेश र स्थानीय तह वीच सहकार्यको लागि विशेष पहल गरिनेछ ।

- ठुला पुर्वाधारजन्य आयोजनाको लागि संघ र प्रदेशका निकायहरुसंग आवश्यक पहल गरिनेछ । विशेष गरि विशेष अनुदान र सम्पुरक अनुदान तर्फको बजेट व्यवस्थाको लागि आवश्यक योजनाहरु छनौट गरि पठाईने छ ।
- लागत साझेदारीमा सम्पुरक तर्फका योजना सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कालिन्जोरमा दिगो खानेपानी व्यवस्थापनका लागि संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय र पहल गरिनेछ ।
- छिमेकी नगरपालिकाहरुसंग नदिजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको लागि आलोपालो पद्धति र वातावरणीय अध्ययनमा सहयोग आदान प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

- फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको आवश्यकता पर्ने र एकै पालिकाले ल्याण्डफिल साइटको व्यवस्थापन गर्न सम्भव नभएकोले छिमेकी पालिकाहरुसंग साझेदारी सहयोगका लागि समन्वय गरिनेछ ।
- आगलागी नियन्त्रणका लागि छिमेकी नगरपालिकासंग लागत साझेदारीमा वारुणयन्त्र परिचालन कार्यलाई निरन्तरता दिइनेछ ।

**४०. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार**

नगरको पहिचान र हितलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्वन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न वजेटको व्यवस्था मिलाईने छ ।

**४१. आगामी आ.व. २०८०/०८१ का लागि प्रस्तावित कुल बजेट रु. ८५ करोड ३१ लाख पचपन्न हजारको विनियोजन विवरण**

अब, म, आगामी आर्थिक बर्षको लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने स्रोतहरुको वारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु :

**<u>संघीय सरकारको तर्फबाट :</u>**

| | | |
|---|---|---|
| समानीकरण अनुदान | रु. १५,१२,००,०००।- | (पन्ध्र करोड वारह लाख) |
| सशर्त अनुदान | रु. २८,१७,५०,०००।- | (सत्ताइस करोड सत्रह लाख पचास हजार) |
| विशेष अनुदान | रु. ७०,००,०००।- | (सत्तरी लाख) |
| समपुरक अनुदान | रु. १,७०,००,०००।- | (एक करोड सत्तरी लाख) |
| राजश्व बाँडफाँड | रु. ११,३५,२०,०००।- | (एघार करोड पैतिस लाख विस हजार) |
| सामाजिक सुरक्षा भत्ता | रु. १९,७९,९४,०००।- | (उन्नाइस करोड उनासी लाख चौरानव्वे हजार) |

**<u>प्रदेश सरकारको तर्फबाट :</u>**

| | | |
|---|---|---|
| समानीकरण अनुदान | रु. १,१३,७१,०००।- | (एक करोड तेरह लाख एकहत्तर हजार) |
| विशेष अनुदान | रु. ३०,००,०००।- | (तिस लाख) |
| समपुरक अनुदान | रु. २०,००,०००।- | (विस लाख |
| राजश्व बाँडफाँड | रु. १,८३,२०,०००।- | (एक करोड तिरासी लाख विस हजार) |
| सशर्त अनुदान | रु. १,००,००,०००।- | (एक करोड) |

**<u>आन्तरिक स्रोतबाट :</u>**

| | | |
|---|---|---|
| आन्तरिक राजश्व | रु. ४,००,००,०००।- | (चार करोड) |
| जम्मा | रु. ८५,३१,५५,०००।- | (पचासी करोड एकतिस लाख पचपन्न हजार) |

४२. उल्लेखित कुल बजेट रु. ८५ करोड ३१ लाख ५५ हजार मध्ये रु. २९ करोड १७ लाख ५० हजार सशर्त अनुदान तर्फ तोकिएको शिर्षक र कार्यक्रममा खर्च गर्नु पर्ने भएकोले यो बजेटको बाँडफाँडको आवश्यकता नपर्ने हुन्छ ।

४३. सामाजिक सुरक्षा तर्फ विनियोजित बजेट रु. १९ करोड ७९ लाख ९४ हजार लक्षित समुदायलाई वितरण गर्ने बजेट भएकोले यो बाँडफाँडको आवश्यकता नपर्ने हुन्छ ।

४४. विशेष अनुदान र समपुरक अनुदान तर्फको बजेट तोकिएको अवधि भित्र मापदण्ड बमोजिम योजना छनौट गरि पठाउनु पर्ने प्रावधान बमोजिम पौष महिनामा योजना छनौट गरि प्रस्ताव पठाइएकोले यो बाँडफाँडको आवश्यकता नपर्ने हुन्छ ।

४५. राजश्व बाँडफाँड तर्फको बजेट रु. १३ करोड १८ लाख ४० हजार चालु तथा प्रशासनिक खर्च तर्फ विनियोजन गरिएको छ ।

४६. आन्तरिक स्रोत तर्फ प्रस्तावित बजेट मध्ये करार सेवामा कार्यरत कर्मचारीहरुको तलव तथा पारिश्रमिकमा खर्च हुने भई बाँकी रहने रु. १ करोडवाट पुँजीगत विनियोजन गरेको छु ।

४७. कुल बजेट मध्ये समानीकरण अनुदान र आन्तरिक स्रोत तर्फको समेत गरि जम्मा रु. १७ करोड २५ लाख ७१ हजार बजेट पुँजीगत तर्फका योजना एवं कार्यक्रमहरुको लागि विनियोजन गरिएको छ ।

४८. उक्त विनियोजित बजेट रु. १७ करोड २५ लाख ३१ हजार मध्ये वडातहमा रु. ७० लाखको दरले १५ वटा वडाको लागि रु. १० करोड ५० लाख विनियोजन भई बाँकी रहने बजेट रु. ६ करोड ७५ लाख ३१ हजारवाट देहायको विषयगत क्षेत्रमा प्राथमिकताका साथ बजेट प्रस्ताव गरेको छु ।

- शिक्षा
- स्वास्थ्य
- कृषि विकास
- पशु सेवा
- फोहोरमैला व्यवस्थापन
- बजारको पुर्वाधार निर्माण
- भूमिको वर्गीकरण, अव्यवस्थित वसोवास तथा भूमि व्यवस्थापन
- न्यायिक समिति व्यवस्थापन
- लक्षित क्षेत्र (महिला, वालवालिका, अपांग, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक)
- खानेपानी
- युवा तथा खेलकुद
- विपद व्यवस्थापन
- संस्थागत विकास तथा सुशासन आदि ।

४९. वडास्तरीय योजनाको लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठकवाट सिफारिस भएबमोजिम सवै वडालाई रु. ७० लाखको दरले तोकिएको बजेट सिलिङवाट देहाय अनुसार योजना तथा कार्यक्रम छनौट गर्न मार्गदर्शन पठाइएको छ ।

- कम्तीमा ४० प्रतिशत बजेट भौतिक पुर्वाधार तर्फका योजनाका लागि विनियोजन गर्नु पर्नेछ । भौतिक पुर्वाधार तर्फ विनियोजित बजेटवाट न्युनत्तम १५ लाखको कम्तीमा एक योजना अनिवार्य रुपमा छनौट भएको हुनु पर्नेछ ।

- सामाजिक विकास तर्फ कम्तिमा ४० प्रतिशत बजेट विनियोजन गर्नु पर्नेछ । उक्त बजेटवाट वडा अर्न्तगत पर्ने स्वास्थ्य संस्थाको पुर्वाधार विकास तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमहरु एवं वडा अर्न्तगत पर्ने आधारभुत विद्यालयको भौतिक पुर्वाधार सुधार तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन कार्यक्रमहरुलाई आवश्यक बजेट विनियोजन गरि बाँकी रहने बजेटवाट सामाजिक विकासका अन्य कार्यक्रमहरु छनौट गर्नु पर्नेछ । साथै टोल सुधार समिति गठन, परिचालन एवं सहकार्य सम्वन्धी कार्यक्रमहरु पनि समावेश गर्नु पर्नेछ ।
- आर्थिक विकास तथा वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमका लागि कम्तीमा २० प्रतिशत बजेट विनियोजन गरी योजना तथा कार्यक्रमहरु छनौट गर्नु पर्नेछ ।
- कार्यक्रम छनौट गर्दा नगद जनश्रमदान र अधिकत्तम लागत सहभागिता जुटने योजनालाई प्राथमिकता दिनु पर्नेछ । कार्यक्रम छनौट गर्दा महिला, वालवालिका, विपन्न तथा पछाडि पारिएका वर्ग र समुदायलाई तत्काल लाभ पुग्ने, आम्दानी र रोजगारीमा अभिवृद्धि गरी गरीवी निवारणमा सहयोग पुर्‍याउने, स्थानीय स्रोत साधनको उपयोग हुने, समावेशी विकासमा योगदान पुर्‍याउने, वातावरणीय संरक्षणमा योगदान पुग्ने योजनाहरु छनौट गर्नु पर्नेछ ।

**ईश्वरपुर नगरपालिकाका उपप्रमुखज्यू,**
**नगरसभाका सदस्यज्यूहरु**

५०. अव म चालु आ.व. २०७९/०८० को कार्य प्रगति समिक्षा र उपलब्धी वारे यो सभामा जानकारी गराउन चाहान्छु ।

५१. स्थानीय तहरुको बजेटको मुख्य स्रोत संघीय सरकार र आंशिक स्रोत प्रदेश सरकार भएको हुँदा संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त बजेटको आधारमा खर्च हुने भएकोले हालसम्मको निकासा र खर्चको आधारमा भएको वित्तिय र भौतिक प्रगतिको उपलब्धी पेश गर्दछु ।

## ५२. वित्तिय प्रगति र अवस्था

- संघीय समानीकरण अनुदान तर्फ प्रस्तावित बजेट रु. १७ करोड ४९ लाख रहेकोमा हालसम्मको निकासा रु. १५ करोड ३० लाख ३७ हजार ५ सय । (८७.५ प्रतिशत)
- प्रदेश समानीकरण अनुदान तर्फ प्रस्तावित बजेट रु. १ करोड २८ लाख ३५ हजार रहेकोमा हालसम्मको निकासा रु. ६४ लाख १७ हजार ५ सय । (५० प्रतिशत)
- संघीय राजस्व वाँडफाँड तर्फ प्रस्तावित बजेट रु. १४ करोड १९ लाख ८ हजार रहेकोमा हालसम्मको निकासा रु. ५ करोड ४९ लाख ५४ हजार ८ सय ९ र पैसा २१ । (३८.७२ प्रतिशत)
- प्रदेश राजस्व वाँडफाँड तर्फ प्रस्तावित बजेट रु. १ करोड २९ लाख रहेकोमा हालसम्मको निकासा रु. ४१ लाख ५४ हजार ३ सय ६ । (३२.२ प्रतिशत)
- संघीय शसर्त अनुदान तर्फ २८ करोड ३० लाख ५० हजार रहेकोमा हालसम्मको निकासा रु. २७ करोड ५१ लाख १२ हजार ५ सय । (९७ प्रतिशत)
- आन्तरिक स्रोत तर्फ रु. ५ करोड ५८ लाख २० हजार रहेकोमा हालसम्मको आय रु. ३ करोड २५ लाख (५८ प्रतिशत)

- संघीय सरकारको विशेष अनुदान र समपुरक अनुदान तर्फ प्रस्तावित बजेट रु. २ करोड ४० लाख रहेकोमा हालसम्म निकासा नभएको ।
- प्रदेश सरकारको विशेष अनुदान तर्फ प्रस्तावित बजेट रु. ३० लाख रहेकोमा हालसम्म निकासा नभएको ।
- प्रदेश सरकारको समपुरक अनुदान तर्फ प्रस्तावित बजेट रु. २० लाख रहेकोमा उक्त बजेट निकासा नै नहुने जानकारी प्राप्त भएको ।
- चालु आ.व. २०७९/०८० को वित्तिय प्रगति विवरण निम्नानुसार रहेको छ ।
  - पुँजीगत कार्यक्रम तर्फको प्रगति ८२.५२ प्रतिशत
  - चालु तथा प्रशासनिक खर्च तर्फको प्रगति ६७.० प्रतिशत (निकासा र भुक्तानीको आधारमा)
  - जम्मा वित्तिय प्रगति ७४.७६ प्रतिशत

## ५३. भौतिक प्रगति र उपलब्धीहरु

### सामाजिक विकासः

### ५४. शिक्षा तर्फ

- गुणस्तरीय शैक्षिक सुधारको लागि अध्ययन प्रतिवेदन तयार गर्न कार्यदल गठन भई ३८ वटै विद्यालयहरुको सघन रुपमा अनुगमन गरि अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।
- वडा नं. ४ मा विद्यालय वाहिर रहेको सवै वालवालिकालाई विद्यालयमा भर्ना गरि मधेश प्रदेशको पहिलो शतप्रतिशत भर्ना भएको वडा घोषणा गरिएको छ ।
- विगत लामो अवधि देखि विद्यालय व्यवस्थापन समिति गठन हुन बाँकी रहेका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ ।
- जनता आ.वि. करमोहानमा ४ सेट स्मार्ट वोर्ड जडान गरि प्रविधियुक्त माध्यमवाट पठनपाठन प्रारम्भ गरिएको छ ।
- संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा विभिन्न विद्यालयहरु जनता आ.वि. पिपरदमारमा २ कोठे र सागरनाथ मा.वि.मा ४ कोठे भवन, सरस्वती मा.वि भक्तिपुरमा ४ कोठे भवन, जनता मा.वि. श्रीनगरमा ४ कोठे भवन निर्माण भएको छ । वेला रामनगर मा.वि.को अधुरो भवन निर्माण कार्य भएको छ ।
- सवै मा.वि.हरुमा डिजिटल हाजिरी जडान भएको छ ।
- आर्दश आ.वि. रामपुर र राष्ट्रिय आ.वि. राइटरखोरमा आइसिटी ल्याव र डिजिटल इक्वीपमेन्ट जडान गर्ने क्रममा रहेको ।
- विद्यालय प्रोफाइल तयार गर्न आवश्यक विवरणहरु संकलन गर्ने कार्य भएको छ ।
- शिक्षक प्रोफाइल तयारीको लागि शिक्षकको व्यक्तिगत फाइल संकलन गर्ने कार्य भएको छ ।
- विद्यालयको स्वामित्वमा रहेका सवै जग्गा, जमिन, पोखरी, बगैचाको लगत विवरण प्राप्त भएको छ ।

- ईश्वरपुर नगरपालिकाको शैक्षिक गुणस्तर सुधार र व्यवस्थापनको लागि आवश्यक ऐन, नियम, कार्यविधिहरु स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।

**५५. स्वास्थ्य तर्फ**

- ईश्वरपुर नगरपालिका वडा नं. ६ स्थित १५ शैयाको अस्पताल भवनमा आवश्यक जनशक्तिको व्यवस्थापन सहित नगर अस्पताल सञ्चालनमा आई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्य प्रारम्भ भएको छ ।
- नगर अस्पतालमा प्रदेश सरकारको सहयोगमा आवश्यक उपकरण र प्रविधियुक्त प्रयोगशाला संचालन भएको छ ।
- नगर अस्पतालवाट जेष्ठ नागरिक, अशक्त अपांग र अतिविपन्न नागरिकहरुलाई प्रयोगशाला सेवा, भिडियो एक्सरेमा ५० प्रतिशत छुट दिने कार्य प्रारम्भ गरिएको छ ।
- नगरपालिका भित्रका सवै स्वास्थ्य संस्थाहरुवाट उपचारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा तथा प्रतिकारात्मक सेवा नियमित रुपमा सञ्चालन भइरहेको छ ।
- आमा सुरक्षा, खोप, पोषण, क्षयरोग लगायत अन्य स्वास्थ्य कार्यक्रमहरु नियमित सञ्चालन भई रहेको छ ।
- ग्रामिण नारी उत्थान संघ, हरिपुर र बागमती सेवा समाज, हरिवनवाट स्वास्थ्य सम्वन्धी थप कार्यक्रमहरु प्राप्त भई सञ्चालन भएको छ ।
- स्वास्थ्य संस्थाहरुमा रिक्त जनशक्ति व्यवस्थापनको कार्य सम्पन्न भएको छ ।
- नेपाल नेत्रज्योती संघ, भरतपुर आँखा अस्पतालसंग नगरपालिकाको साझेदारीमा नगर अस्पतालको भवनमा आँखा उपचार केन्द्र सञ्चालन भई आँखा रोगीहरुको उपचार शुरु भएको छ ।
- ईश्वरपुर नगर अस्पतालमा आँखा शिविर सञ्चालन गरि ३४० जनाको आँखाको शल्यक्रिया भएको छ ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा मार्फत नगरपालिका भित्रका गर्भवती आमाहरुलाई निशुल्क भिडियो एक्सरे सेवा सञ्चालन भइरहेको छ ।
- वडा नं. ३, ६, ७, ८, १२, १३, १४ मा घुम्ती शिविर सञ्चालन भई स्वास्थ्य सेवा प्रदान गरिएको र १००० जना भन्दा वढी जेष्ठ नागरिकहरुलाई पोषणयुक्त आयुर्वेद औषधिहरु निशुल्क वितरण गरिएको
- घुम्ती शिविरमा ७५० भन्दा वढीको स्वास्थ्य जाँच तथा उपचार तथा निशुल्क औषधि वितरण भएको छ ।
- पाठेघरको आङ खस्ने तथा प्रजनन स्वास्थ्य सम्वन्धी समस्याको उपचारको लागि विभिन्न वडामा शिविर सञ्चालन भई ४५० जना महिलाहरु लाभान्वित भएका छन ।
- विरामी ओसारपसारको लागि एम्वुलेन्स खरिद भई भन्सार छुटको लागि मन्त्रालयमा सिफारिस गरिएको छ ।
- स्वास्थ्य क्षेत्रको सुधारको लागि अध्ययन प्रतिवेदन तयार गर्न कार्यदल गठन भई स्वास्थ्य संस्थाहरुको सघन रुपमा अनुगमन गरि अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।

- ईश्वरपुर नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन सम्वन्धी आवश्यक ऐन, नियम र कार्यविधिहरु स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।

## ५६. स्वच्छ खानेपानी

- खानेपानीको अति विकटताको क्षेत्र रहेको कालिन्जोरमा दिगो खानेपानी आयोजना व्यवस्थापनको लागि संघीय सरकार समक्ष प्रस्ताव पेश भएको छ । तत्काल खानेपानी समस्या समाधानका लागि वार्षिक वजेटमा विनियोजन भएका बजेटवाट खानेपानीका योजना सञ्चालन भई खानेपानी वितरणको कार्य भएको छ ।
- नवीकरणीय वैकल्पिक उर्जाको सहयोगमा गुइडुङमा खानेपानीको पुर्वाधार निर्माण सम्पन्न भएको छ ।
- रामनगर खानेपानी आयोजनाको लागि १ थान जेनेरेटर खरिद भई हस्तान्तरण गरिएको छ ।
- ईश्वरपुर खानेपानी आयोजनाको सेवा विस्तारको लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वयको कार्य भएको छ ।

## ५७. महिला, वालवालिका, जेष्ठ नागरिक, अपांग तथा अन्य लक्षित समुह

- विगत लामो अवधि देखि अपांग परिचयपत्र वितरण कार्य रोकिएकोमा २१४ जनालाई अंपाग परिचयपत्र वितरण भएको र थप प्राप्त पेश भएका निवेदनहरुको सम्वन्धमा परिचय वितरण कार्य नियमित गरिने । जेष्ठ नागरिक परिचयपत्र वितरण कार्य नियमित भइरहेको छ ।
- लैंगिक हिंसा विरुद्धका १६ दिने अभियान कार्यक्रममा सवै वडाका १९६ जना अग्रणी महिलाहरुलाई सहभागी गराई नगरस्तरीय कार्यक्रम सम्पन्न गरिएको ।
- २५ जनाको दरले अपांग, वालवालिका, किशोर किशोरी र जेष्ठ नागरिकको क्षमता अभिवृद्धिको लागि लागि अभिमुखीकरणका कार्यक्रमहरु सञ्चालन भई सम्पन्न भएको छ ।

## ५८. युवा तथा खेलकुद विकास

- युवाहरुमा खेलकुदको उत्कृष्टको उत्साह रहेको हुँदा वडा नं. १२ र १५ मा प्रदेश र जिल्लास्तरीय प्रतियोगिता सञ्चालन भएको ।
- विभिन्न वडामा रहेका युवा खेलाडीहरुको लागि फुटवल वितरण गरिएको ।
- ईश्वरपुर नगरपालिकामा रंगशाला निर्माणको लागि डिपिआर तयार गरी रु. १० करोडको प्रस्ताव तयार गरि बजेट व्यवस्थापनको लागि प्रदेश सरकार समक्ष पेश गरिएको ।
- कभर्डहल निर्माणको लागि प्रदेश सरकारवाट चालु आ.व. मा रु. २५ लाख बजेट विनियोजन भई निर्माण कार्य प्रारम्भ भएको ।
- ईश्वरपुर नगरपालिका भित्र रहेका दर्तावाल क्लवहरुको विवरण संकलन कार्य भएको ।
- विद्यालयमा खेलकुद विकास गर्न खेल प्रशिक्षकको व्यवस्था गरि खेलकुद अभ्यास नियमित रुपमा भइरहेको छ ।
- विद्यालयतहमा खेलकुद प्रशिक्षण सम्वन्धी कार्यको लागि ग्रासरुट कार्यक्रम सञ्चालन भइरहेको छ ।

## ५९. गैर सरकारी संस्थासंग सहकार्य

- सामाजिक क्षेत्रको विकासको लागि गैर सरकारी संस्थाको भूमिका महत्वपुर्ण रहने हुन्छ । विशेषतः महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, अति विपन्न गरिव, पिछडिएको वर्गको सामाजिक र आर्थिक उत्थानमा गैरसरकारी संस्थाको अपरिहार्यतालाई महशुस गरी ईश्वरपुर नगरपालिकामा कार्यक्षेत्र वनाई काम गर्ने सेभ द चिल्ड्रेन/ग्रामीण नारी उत्थान संघ र रुपान्तरण नेपालसंग सहकार्यमा विशेषतः शिक्षा र स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु सञ्चालन भईरहेको ।
- वागमती सेवा समाज लगायत अन्य गैर सरकारी संस्थाहरुसंग सहकार्यको कार्यक्रमहरु सञ्चालन भई रहेको ।
- विभिन्न संस्थाको सहयोगमा वडा नं. १, २, ३, ९ लगायतका वडाहरुमा न्यानो कपडाहरु वितरण कार्य सम्पन्न भएको ।
- विभिन्न वडामा विपन्न समुदायलाई गैससद्धारा खाद्यान्न वितरण भएको छ ।
- ईश्वरपुर नगरपालिकामा गैरसरकारी संस्था परिचालन तथा नियमन सम्वन्धी कार्यविधिहरु स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।

## ६०. टोल सुधार समिति :

- टोल सुधार संस्था गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि स्वीकृत भई सो सम्वन्धी अनुशिक्षण सञ्चालन गरिएको छ ।
- वडा नं. ४ मा ६ वटा टोल सुधार समिति गठन भएको छ ।
- टोल सुधार संस्थाको समन्वयमा विद्यार्थी भर्ना अभियान, स्वास्थ्य सम्वन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालनको थालनी भएको छ ।

## ६१. नागरिक सुरक्षा र सुरक्षा निकायको सबलीकरण

- नागरिको सुरक्षाको प्रत्याभूति राज्यको तर्फवाट सुनिश्चित हुनु पर्ने व्यवस्थालाई सघाउ पुर्याउन भौगोलिक दुरीको हिसावले विद्यमान प्रहरी कार्यालयवाट ईश्वरपुर नगरपालिका भित्रका केही वडामा शान्ति सुरक्षा व्यवस्थापन गर्न कठिनाई देखिएकोले वडा नं. १२ कालिन्जोर र वडा नं. १ चौलिखा बजार क्षेत्रमा प्रहरी चौकी स्थापना गर्न सम्वन्धित निकायमा पहल भएकोमा वडा नं. १२ कालिन्जोरमा प्रहरी चौकी स्थापना कार्य स्वीकृत भएको छ ।
- राजमार्गमा हुने सवारी आवागमन गतिविधिहरुको अध्ययनको लागि High Tech Camera जडान गरिएको छ ।
- वयलवास बजार क्षेत्र भित्र हुने गतिविधिहरुको अध्ययनको लागि CC TV Camera जडान गरिएको छ ।

## ६२. नगर प्रहरी

- आठौं नगरसभावाट स्वीकृत गरिएको संगठन तथा व्यवस्थापन (O&M) प्रतिवेदनमा उल्लेख भएअनुसार ७ जनाको स्वीकृत दरवन्दीमा पदपुर्तिको लागि विज्ञापन भई नियुक्तीको प्रकृया अगाडि वढाइएको छ ।

## ६३. संस्कृति प्रवर्द्धन

- विभिन्न धर्म, संस्कृति, चाडपर्व, कला र रितीरिवाजलाई बचाई राख्न सम्बन्धित धार्मिक पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी पूजा-पाठ, मेला संचालन वा अन्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा निरन्तर सहयोग सहयोग भई रहेको ।
- थारु संस्कृतिको अध्ययन अनुसन्धान कार्यका लागि ईश्वरपुर नगरपालिकावाट आर्थिक सहयोगको प्रतिवद्धता व्यक्त गरिएको छ ।

## आर्थिक विकास

## ६४. कृषि

- २६४ जना किसानलाई ५०% अनुदानमा १४९२० के.जि. गहुँको विउ वितरण भएको ।
- कृषि विद्युतिकरण कार्यका वडावाट प्रस्तावित बजेट क्रमशः लागि नेपाल विद्युत प्राधिकरणमा निकासा दिने कार्य प्रारम्भ भएको छ ।
- कृषि सिंचाई प्रयोजनको लागि जडान भएका मोटरको विद्युत महशुल नगरपालिकावाट उपलब्ध गराउने निर्णय भई निर्णय कार्यान्वयनका लागि नेपाल विद्युत प्राधिकरणमा पत्राचार गरिएको ।
- घुम्ती सेवा शिविर मार्फत कृषकहरुलाई प्राविधिक सेवाहरु प्रदान, माटो परिक्षण र रोग नियन्त्रक औषधिहरु उपलब्ध गराइएको ।
- कृषि उपज भण्डारणको लागि शितगृह निर्माण गर्न संघ/प्रदेश सरकार तथा दातृ निकायसंग समन्वयन भइरहेको ।
- कृषि सेवा कार्यालयको भवनलाई मर्मत सम्भार गरि एकीकृत रुपमा कृषि र पशु सेवा कार्यालय सञ्चालन गरिएको छ ।
- संघीय सरकारको अनुदान सहयोगमा एकजना कृषि अधिकृत पदपुर्ति गरिएको छ ।

## ६५. पशु

- वडा नं. १२ र १५ मा पशु सेवा केन्द्र स्थापनाको लागि आवश्यक जनशक्ति व्यवस्थापन सहित सेवा केन्द्र सञ्चालन भएको छ ।
- वडास्तरमा सेवा प्रवाह गर्न ट्रेबिज निर्माण कार्य सम्पन्न भएको छ ।
- वडा नं. १, २, ३, ४, १०, ११, १२, १३, १४ र १५ मा सञ्चालन भएको पशु स्वास्थ्य शिविरमा भई ६५० भन्दा वढी किसान लाभान्वित भएका छन ।
- पशु आहार मिशन कार्यक्रम सम्पन्न भएको छ ।
- संघीय सरकारको अनुदान सहयोगमा एकजना पशु चिकित्सक पदपुर्ति गरिएको छ ।

## ६६. सहकारी, गरिवी निवारण, वित्तिय र अन्य क्षेत्र

- नगरपालिका क्षेत्र भित्र रहेको वचत तथा ऋण प्रवाह गर्ने सहकारी वीच अर्न्तकृया कार्यक्रम सञ्चालन भई वचतकर्ताको लगानी सुनिश्चितताका लागि निर्देशन भएको छ ।
- सहकारीवाट भएका वित्तिय कारोवार र अन्य सेवाको सम्वन्धमा नियमित अनुगमनको लागि वडा कार्यालयलाई समेत जिम्मेवारी दिइएको छ ।
- नियमित प्रतिवेदन दिन र साधारण सभा गर्न सवै सहकारीलाई निर्देशन दिएको छ ।

## ६७. रोजगारी सृजना

- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत बेरोजगारहरुलाई न्युनत्तम १०० दिन रोजगारीको लागि कार्यक्रम सञ्चालन भएको । यस कार्यक्रम अर्न्तगत वडा नं. १, २, ३, ४ , ६, ८, ९, १२, १३, १४ र १५ मा गरी जम्मा ७५ जनालाई विकास निर्माणको कार्यमा रोजगारी सृजनाको कार्य सञ्चालन भएको छ ।
- लघु उद्यम विकास कार्यक्रम अर्न्तगत ११० जनालाई विभिन्न प्रकारका सीपमूलक तालिम सञ्चालन भएको ।
- वडास्तरीय अभिमुखीकरण कार्यक्रम, ग्रामिण लेखाजोखा कार्य सञ्चालन भएको छ । उद्यमी समुह ८ वटा गठन भएको छ ।
- उद्यमशिलता विकास तालिम ३ वटा समुहमा सम्पन्न भएको छ ।

## ६८. बयलवास बजार तथा अन्य बजारको विकास

- ईश्वरपुर नगरपालिकाको केन्द्रको रुपमा रहेको बयलवास बजारको सर्वाङ्गिण विकासको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) वमोजिम २ वटा कम्प्लेक्स भवन निर्माण आगामी आ.व.मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । अन्य पुर्वाधारहरु निर्माण गर्न नगर विकास कोषसंग दीर्घकालिन ऋण सहयोग लिन परियोजना प्रस्ताव पेश भएको छ ।
- प्रदेश सरकारवाट १ वटा व्यवसायीक भवन निर्माण कार्य भइरहेको छ ।
- वडा नं. २ स्थित विरेन्द्र बजारमा बजार सेड निर्माण कार्य सम्पन्न भएको छ ।

## ६९. उपभोक्ता हकहित संरक्षण

- उपभोक्ता हकहित संरक्षण तर्फ दशै र तिहारमा बजार अनुगमनको कार्य भएको छ । उपभोक्ता हकहित संरक्षण सम्वन्धी नीतिगत निर्देशिकाहरु तयारीको क्रममा रहेको छ ।

## ७०. पूर्वाधार विकासः

- सार्वजनिक पुर्वाधार विकास, निर्माण र मर्मत कार्यकोलागि न्युनत्तम रुपमा आफ्नै साधन तथा यान्त्रिक उपकरण हुनु पर्ने आवश्यकतालाई मध्यनजर गरि १ वटा व्याक हो लोडर र १ वटा ट्र्याक्टर खरिद भएको छ ।
- गत विगत आ.ब.मा शुरू गरी सम्पन्न हुन बाँकी योजनाहरू केही सम्पन्न भएका छन भने केही सम्पन्न हुने क्रममा रहेका छन ।
- बाणगंगा र विरेन्द्र बजार नजिक बक्स कल्भर्ट निर्माण सम्पन्न भई संचालनमा आएको छ ।

- ईश्वरपुर-३ तिनघरिया देखि रामजानकी मन्दिर हुँदै मियाँखोरसम्म कालोपत्र सम्पन्न भएको छ ।
- वडा नं. ३, ५, ६, ९, १३ र १४ मा सडक कालोपत्रे गर्ने कार्यसम्पन्न भएको छ ।
- वडा नं. २, ३ र ९ गत वर्षको ११ वटा सम्पन्न भई चालु आ.व.को ११ वटा मुसहरहरुको घर निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।
- वडातहका योजनाहरु करिव ९० प्रतिशत सम्पन्न भएका छन ।
- कालिन्जोर-पिपलदमार-लामीदमार सडक स्तरोन्नती भएको छ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षाको लागि "**उज्यालो शहर, ईश्वरपुर नगर"** अभियान अर्न्तगत १७२ थान सडक वत्ती खरिद भई जडान भएको छ ।
- विद्युत सेवाको पहुँच नपुगेका वस्तीहरुमा आवश्यक पोल सहित विद्युतीकरणको लागि नेपाल विद्युत प्राधिकरणलाई रकम निकासा क्रमश भइरहेको छ ।

## ७१. भवन निर्माण, नक्सा पास, सम्बन्धी

- व्यवस्थित शहरीकरणलाई विकास गर्न नगर भित्रका संरचनाहरूको अभिलेखीकरण गर्ने उद्देश्यले साविकका संरचनाहरूको नक्सा सहित अभिलेखीकरण गराउनु पर्ने व्यवस्था र नयाँ भवन निर्माणको लागि नगरपालिकाको आफ्नै भवन निर्माण आचार संहिताको मापदण्ड तयार भएको र स्वीकृतीको लागि यसै नगरसभामा पेश गरिनेछ ।

## ७२. वातावरण तथा विपद व्यवस्थापन

- छिमेकी हरिवन नगरपालिकासंग सम्झौता गरि सहकार्यमा दमकल सञ्चालन व्यवस्थापन गरिएको छ
- विशेषत: राजमार्ग किनारालाई हरियालीयुक्त वनाउने अभियान अन्तर्गत पहिलो चरणमा फुलजोर देखि क्याम्पस चोकसम्म सडकको दुवै किनारामा वृक्षारोपण कार्य भएको छ ।
- शितलहरवाट प्रभावित विपन्न नागरिकहरुको लागि दाउरा वितरण गरि आगो ताप्ने कार्यका लागि सहयोग भएको छ ।
- वातावरण संरक्षण र विपद व्यवस्थापन सम्वन्धी आवश्यक ऐन, नियम र कार्यविधि स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।
- ईश्वरपुर नगरपालिकाको विपद व्यवस्थापन योजना र जोखिम नक्शांकन प्रतिवेदन तयार भई स्वीकृत समेत भएको छ ।

## ७३. सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- निजी क्षेत्रको साझेदारीमा दिगो रुपमा सरसफाई र फोहोर मैला व्यवस्थापनको कार्य प्रारम्भ भएको छ । हाल वडा नं. ५, ६ र ७ बजार क्षेत्रमा शुरु गरिएको यस अभियानलाई भविष्यमा अन्य वडामा समेत विस्तार गर्दै लगिने छ ।
- फोहोरमैलाको दिगो व्यवस्थापनकोलागि छिमेकी स्थानीय तहसंग सहकार्यको लागि छलफल प्रारम्भ गरिएको छ ।

## ७४. संस्थागत विकास सेवा प्रवाह र सुशासन

- हालसम्म आफ्नै वडा कार्यालय भवन नभएका पहिलो चरणमा वडा नं. ४, ५, ८, र १४ को लागि ठेक्का सम्झौता भई वडा नं. ४ वाट निर्माण कार्य प्रारम्भ भएको छ भने दोस्रो चरण अर्न्तगत वडा नं. ७, ९, ११, १३ र १४ को भवन निर्माणको लागि वोलपत्र आव्हान भएको छ ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिको ३ वर्षे क्षमता विकास योजना तयारी कार्य स्वीकृतीको लागि यसै नगरसभामा पेश गरिने छ ।
- नगरपालिकाको डिजिटल प्रोफाइलको प्रतिवेदनको अन्तिम मस्यौदा प्राप्त भएको छ ।
- आवधिक नगर विकास योजनाको अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।
- नगर यातायात योजना सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।
- विषयगत शाखा र कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरि अधिकार प्रत्यायोजन गर्ने कार्य भएको छ
- नागरिक गुनासो सुनवाईको लागि प्रत्येक महिना मेयरसँग मनका कुरा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिएको छ ।
- सेवा प्रवाहलाई बढि प्रभावकारी बनाउन पहिलो पटक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको छ ।
- स्थानीय तहको संस्थागत क्षमता स्वंमूल्यांकन प्रणाली LISA को आ.व. २०७८/०७९ को कार्य क्षमता मूल्यांकन भई ६०.७५ प्राप्त भएको । जुन अघिल्लो वर्षको तुलनामा अंक १८ वढी प्राप्त भएको छ ।
- एकीकृत घुम्ती सेवा मार्फत जनतालाई घरदैलोमा सेवा दिन प्रारम्भ गरिएको छ ।
- संस्थागत विकास र सुशासनका लागि यस आ.व.मा हालसम्म ३० वटा ऐन, नियम, कार्यविधिहरु स्वीकृत भएको छन ।
- नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वीच एवं प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन करार सम्झौता भएको छ ।
- ईश्वरपुर नगरपालिकाकावाट भएका निर्णयहरु एवं सम्पादन भएका कृयाकलापहरुको वारेमा सञ्चार माध्यम एवं नागरिकहरुलाई सूसूचित गराउन वडा नं. १४ का वडा अध्यक्षलाई नगर प्रवक्ता तोकिएको छ ।

### ७५. सार्वजनिक सम्पतीहरुको व्यवस्थापन

- सरकारी स्वामित्वमा रहेका ऐैलानी पर्ति, नदि उकास जग्गाको लगत संकलन भई प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

### ७६. आन्तरिक आय र राजस्व प्रशासनः

- राजस्व प्रशासनलाई व्यवस्थित परामर्श समितिको सिफारिसमा पेश भएका कर, सेवाशुल्क, दस्तुरको दररेटलाई आधार मानी आन्तरिक आय संकलन कार्यलाई निरन्तरता दिइएको छ ।
- यस नगरपालिकाको १५ वटै वडाहरुमा विद्युतीय माध्यमद्वारा कर संकलन कार्य प्रारम्भ भएको छ ।

- प्राकृतिक श्रोतहरु -नदीजन्य पदार्थ सहित) को समुचित प्रयोगका लागि वातावरणीय प्रभाव मूल्यांकनमा जोड दिइनेछ । फुलजोर र बाँके खोलाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको तयारी कार्य प्रारम्भ भएको छ ।
- व्यवसाय कर संकलनको लागि प्रभावकारी नीति अवलम्वन गरि कार्य प्रारम्भ गरिएको छ ।

## ७७. न्यायिक समिति

संवैधानिक व्यवस्था बमोजिम गठन भएको न्यायिक समितिलाई सक्षम, सबल तथा न्यायिक निरुपणका लागि आवश्यक नीतिगत व्यवस्था तयारीको क्रममा रहेको छ । न्यायिक समितिमा कानुनी सल्लाहकारको लागि कर्मचारीको व्यवस्था मिलाईने छ । हालसम्म न्यायिक समितिमा ८४ वटा उजुरी दर्ता भएको र उक्त उजुरीहरु मध्ये ६७ वटा उजुरीको फछर्यौटको कार्य भएको छ । न्यायिक समितिको विस्तृत प्रतिवेदन सभामा पेश गरिनेछ ।

## ७८. भूमिको वर्गीकरण, अव्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन

- ईश्वरपुर नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन कार्य सम्पन्न भएको छ । छुट भएको सेवाग्राहीको विवरण संकलनको लागि पुनः सूचना प्रकाशन भई लगत संकलन कार्य शुरु भएको छ ।
- पहिलो चरणमा संकलन भएको लगत विवरण अनुसार जग्गाको वास्तविक अवस्था छानविनको लीग वडा नं. ७ वाट मिति २०७९/१०/२७ गते देखि कार्य प्रारम्भ गर्ने निर्णय भएको छ ।
- भूमिको वगिकरण गर्न कार्यको लागि प्रारम्भिक तयारीको कार्यहरु भएको छ ।

## ७९. संघ, प्रदेश र स्थानीय तह वीच सहकार्य र समन्वय

- स्थानीय तहको विकासको लागि तीनै तहका सरकार वीच सहकार्य र समन्वय र सहकार्य नभई स्थानीय तहमा ठुला पुर्वाधार विकास सम्भावना नै हुँदैन ।
- संघीय सरकारको सहयोगमा सञ्चालित राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, तराई मधेश सम्वृद्धि कार्यक्रम र सडक वोर्ड नेपालवाट प्राप्त हुने बजेटवाट यस नगरपालिका भित्र विद्यालय भवन, प्राविधिक शिक्षा, मुसहर आवास निर्माण र सडक सुधारका कार्यहरु भएका छ ।
- विशेष अनुदान र सम्पुरक अनुदान तर्फको बजेटवाट समेत पोषणमैत्री कार्यक्रम र सडक कालोपत्रेको कार्य भएको छ ।
- कालिन्जोरमा दिगो खानेपानी व्यवस्थापनका लागि संघीय सरकारका निकायहरुसंग आवश्यक सहयोगको लागि प्रस्ताव पेश गरिएको छ ।
- छिमेकी नगरपालिकाहरुसंग नदिजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको लागि आलोपालो पद्धतिको लागि नीतिगत निर्णय भई बाँकेखोला र फुलजोरखोलावाट नदिजन्य पदार्थको राजस्व संकलन भएको छ ।
- फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन गर्न छिमेकी पालिकाहरुसंग सहमती भएको छ ।

- हरिवन नगरपालिकासंग लागत साझेदारीमा वारुणयन्त्र परिचालन सम्झौता भएको छ ।

**८०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार**

ईश्वरपुर नगरपालिकाको युवा उत्थान र विकासको लागि एवं शैक्षिक गुणस्तर सुधारको लागि Global Peace Foundation को आयोजनामा भारतको नयाँ दिल्लीमा सम्पन्न कार्यशाला गोष्ठीमा नगर प्रमुखको सहभागिता भएको छ ।

**८१. कार्य प्रगतिको लागि देखा परेको समस्याहरु**

**भौतिक समस्याहरु**

- कार्यसञ्चालनको लागि पर्याप्त जनशक्तिको अभाव । १५ वटा वडाको लागि १० जना मात्र वडा सचिववाट कार्यसम्पादन भइरहेको ।
- राजस्व शाखामा प्रर्याप्त जनशक्ति अभाव
- वडागत रुपमा प्राविधिक जनशक्तिको कमी
- सवै वडा कार्यालयको आफ्नै भवन नहुनु
- नगर कार्यपालिकाको भवनमा सवै शाखाहरुलाई प्रयाप्त कार्यकक्ष नहुनु
- समयमा उपभोक्ता समिति गठन र सम्झौता नहुनु
- आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृति
- कार्य सञ्चालनको लागि आवश्यक पर्ने धेरै ऐन, नियम, कानुन र कार्यविधि तयार हुन बाकी रहेको ।

**वित्तिय समस्या**

- संघीय सरकार र प्रदेश सरकारवाट नियमित बजेट प्राप्त नहुनु ।
- प्रदेश सरकारवाट न्युन बजेट विनियोजन
- आन्तरिक स्रोतको न्युनत्तम र प्रस्तावित राजस्व संकलन अपेक्षा अनुरुप नहुनु ।

**उपप्रमुखज्यु, नगरसभा सदस्यज्यूहरु :**

८२. समानुपातिक, समन्यायिक, दिगो तथा सन्तुलित विकासका लागि बस्ती, टोललाई सशक्तिकरण गरी परिचालन गर्न वडास्तरीय बजेटको आवश्यकता पर्ने हुनाले वडाको जनसंख्या र भुगोल, सामाजिक आर्थिक अवस्थालाई विश्लेषण गरी नगरपालिकाले आवश्यक बजेट तथा कार्यक्रमहरु प्रस्ताव गरेको छ ।

८३. योजनाको कार्यान्वयन पक्ष अति महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समझदारी, सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा सम्पूर्ण सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत अन्तर्राष्ट्रिय संघ संस्था, गैर सरकारी संस्थाहरु, लगायतका सम्पूर्ण सरोकारवालालाई रचनात्मक सुझाब तथा सहयोगकालागि म ईश्वरपुर नगरपालिका र सम्पुर्ण नगरवासीका तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

८४. आगामी आ.व. २०८०/०८१ मा योजनाको कार्यान्वयनको लागि स्वीकृत योजनाको वार्षिक खरिद योजना र वार्षिक कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गरी आर्थिक वर्षको प्रारम्भ देखि नै कार्यान्वयन गर्ने नीतिलाई उच्च प्राथमिकता दिइने छ ।

८५. आज प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि यसै सभामा आ.ब. २०८०/०८१ का लागि विस्तृत बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ । वजेट तथा कार्यक्रम नगर सभावाट स्वीकृत भएपश्चात सार्वजनिक गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, आर्थिक विधेयक तथा विनियोजन विधेयकमा विस्तृतमा उल्लेख भएको व्यहोरा अनुरोध गर्दछु ।

८६. नगरपालिकाको सर्वाङ्गिण विकासकालागि सवै राजनीतिक दल, नागरिक समाज, सामाजिक संस्थाहरुबाट प्राप्त सुझावहरुलाई आत्मसाथ गर्दै हामी जनप्रतिनिधिहरुले आफ्नो राजनैतिक दलको मात्र नभई समग्र ईश्वरपुरवासी नागरिकको प्रतिनिधिको रुपमा सेवा गर्ने विश्वास यहाँहरुलाई दिलाउन चाहन्छु ।

८७. अन्तमा, यस ईश्वरपुर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तयारी कार्यमा सहयोग गर्नु हुने वजेट तर्जुमा समितिका पदाधिकारीज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, राजस्व परामर्श समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत विषयगत शाखाका प्रमुखज्यूहरु एवं नगरपालिकाका सम्पूर्ण कर्मचारीलाई धन्यवाद् व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग र सुझाव दिनु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरू एवं सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

मनोज कुमार आचार्य
नगर प्रमुख
ईश्वरपुर नगरपालिका